नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## कांग्रेसलाई एकढिक्का बनाउन अन्तिमसम्म प्रयास गर्छु: डा. कोइराला

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक १३७ ● २०८२ साल चैत्र २२ गते आइतबार ● Sunday 05, April 2026 ● सूर्योदय: बिहान ०५:५३ बजे ● सूर्यास्त: साँझ ०६:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# वीरगंजमा हनुमान जयन्तीको भव्य शोभायात्रा, 'जय श्रीराम'ले गुञ्जियो वीरगंज शहर





**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगंज शनिबार श्रीराम भक्त हनुमानको जन्मोत्सव 'हनुमान जयन्ती'को अवसरमा भक्तिभाव र उत्साहले भरिएको देखियो। हिन्दू धर्मावलम्बीहरूले विशाल शोभायात्रा निकाल्दै भगवान हनुमानप्रतिको श्रद्धा र आस्था सार्वजनिक रूपमा प्रदर्शन गरेका हुन्। वीरगंजको घण्टाघरबाट सुरु भएको शोभायात्रामा महानगरका विभिन्न वडाबाट हजारौं सर्वसाधारण स्वतःस्फूर्त रूपमा सहभागी भएका थिए। धार्मिक झाँकी, भगवा झण्डा, त्रिशूल र तरबारसहित बाजागाजा तथा डिजेको साथमा निकालिएको यात्रा शहरका विभिन्न मुख्य मार्ग हुँदै परिक्रमा गर्दै अघि बढेको थियो। सहभागीहरूले 'जय श्रीराम' र 'जय बजरंगबली' का नाराले वातावरण गुन्जायमान बनाएका थिए। घण्टाघरदेखि अलखियामठसम्मको मुख्य सडकमा श्रद्धालुहरूको भीडले खचाखच भरिएको थियो। शोभायात्रामा सहभागी वीरगंज–१० का अजयकुमार गुप्ताका अनुसार दिउँसोदेखि साँझसम्म सिंगो शहर धार्मिक नाराले गुञ्जिएको थियो, जसले समग्र वातावरणलाई आध्यात्मिक ऊर्जा प्रदान गरेको अनुभूति गरायो। सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरीको ठूलो संख्या परिचालन गरिएको थियो, जसका कारण कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भयो। यस्तै, विश्व हिन्दू परिषद, बजरंग दल लगायत विभिन्न धार्मिक तथा सामाजिक संघ–संस्थाहरूले यात्रामा सहभागी भक्तजनका लागि शहरका विभिन्न स्थानमा पानी र सर्वत वितरण गरेका थिए।
कार्यक्रममा पर्सा क्षेत्र नं. १ का सांसद हरि पन्त, क्षेत्र नं. २ का सांसद सुशीलकुमार कानु तथा राजेशमान सिंह लगायत स्थानीय जनप्रतिनिधिको उपस्थिति रहेको थियो। उनीहरूले यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले समाजमा एकता, सहिष्णुता र सद्भाव कायम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे। धार्मिक दृष्टिकोणले हेर्दा, भगवान हनुमान हिन्दू धर्ममा शक्ति, भक्ति र निष्ठाको प्रतीक मानिन्छन्। रामप्रति उनको अटुट समर्पण र सेवाभावले उनलाई आदर्श भक्तका रूपमा स्थापित गरेको छ। हनुमान जयन्ती विशेषगरी भक्तजनहरूका लागि साहस, सत्यनिष्ठा र कर्तव्यपरायणताको प्रेरणा लिने दिनका रूपमा लिइन्छ।
नेपाल तथा भारतका विभिन्न स्थानमा मनाइने यो पर्वले धार्मिक आस्थासँगै सामाजिक एकताको सन्देश पनि दिन्छ। विशेषगरी मधेश क्षेत्रका शहरहरूमा यस्ता शोभायात्राले सामूहिक पहिचान र सांस्कृतिक निरन्तरताको अनुभूति गराउँछन्। वीरगंजमा आयोजित यस वर्षको शोभायात्रा पनि त्यही परम्पराको निरन्तरता मात्र नभई नयाँ पुस्तामा धार्मिक मूल्य र सांस्कृतिक चेतना हस्तान्तरण गर्ने माध्यमका रूपमा देखिएको छ। हनुमान जयन्तीको अवसरमा आयोजित यो भव्य शोभायात्राले वीरगंजमा धार्मिक उत्साह मात्र नभई सामाजिक एकता र सांस्कृतिक समृद्धिको सन्देश समेत प्रवाह गरेको छ।

# मधेशमा गहुँ उत्पादनमा ह्रास किसान चिन्तित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा गहुँ हिउँदे मुख्य बाली हो। क्षेत्रफल र उत्पादनको हिसाबले यो प्रदेशमा अग्रणी भए पनि सिँचाइ, मलखाद अभाव र प्रकृति प्रकोपका कारण उत्पादनमा वर्षेनि उतारचढाव देखिन्छ। यस वर्ष किसानहरू गहुँमा दाना नलागेर निराश छन्।
धनुषामा गहुँ धानपछिको दोस्रो मुख्य बाली हो। यहाँ हिउँदमा झन्डै ३४ हजार हेक्टरमा गहुँ खेती हुने गरेको छ। तर, छर्ने बेलामा र चैतको सुरूमै हावाहुरीसहित परेको पानीले बालीमा राम्रो दाना नलागेको किसानहरूको गुनासो छ।
ट्रेक्टरबाट जोताइ, दमकलबाट पानी आपूर्ति, मलखाद र कडा मेहनतका खर्च उठ्दा पनि उपलब्धि नगण्य देखिँदा किसान चिन्तित छन्।
केन्द्रिय तथ्यांकअनुसार, धनुषामा आर्थिक वर्ष २०८०–८१ मा ३५ सय हेक्टरमा औसत २.९० मेट्रिक टन प्रतिहेक्टर दरले ९७ हजार १ सय ५० मेट्रिक टन गहुँ उत्पादन भएको थियो। त्यसको तुलनामा २०८१–८२ मा प्रतिहेक्टर ३.१० मेट्रिक टन दरले १ लाख ३ हजार ८ सय ५० मेट्रिक टन उत्पादन भएको थियो।
तर, प्रतिकूल मौसम, किराको प्रकोप, गुणस्तरीय बीउको अभाव, सिँचाइ र मलखाद नपुगेका कारण उत्पादनमा निरन्तर उतारचढाव देखिन्छ। किसानको पीडाबारे कृषि अधिकारीहरू अझै अनविज्ञ रहेको गुनासो छ।
मधेश प्रदेशको उर्वर जमिनमा गहुँ खेतीको ठूलो सम्भावना रहे पनि आधिकारिक तथ्यांक सीमित छ। उपलब्ध तथ्यांकअनुसार दुई वर्षअघि आठै जिल्लामा १ लाख ८७ हजार ४ सय ३२ हेक्टरमा ७ हजार ३१ हजार ७० मेट्रिक टन गहुँ उत्पादन भएको थियो।
गहुँ स्वास्थ्यका लागि पनि लाभदायक मानिन्छ। यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, भिटामिन 'बी' कम्प्लेक्स, आइरन, म्याग्नेसियम र पोटासियम प्रचुर मात्रामा पाइन्छ, जसले पाचन प्रणाली सुधार्न र शरीरमा शक्ति वृद्धि गर्न सहयोग गर्छ।

# मिथिलाबिहारीमा अन्नबालीमा आगजनी हुँदा ठूलो क्षति



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिलाबिहारी नगरपालिकामा अज्ञात व्यक्तिबाट गरिएको आगजनीका कारण ठूलो परिमाणमा अन्नबाली नष्ट भएको छ।
मिथिलाबिहारी नगरपालिका–५ मा वडाध्यक्ष सुरेन्द्र कुमार मण्डलको खेतमा काटेर थन्क्याइएको जौमा आगो लगाइँदा करिब ५ कठ्ठा क्षेत्रफलको बाली पूर्णरूपमा जलेर नष्ट भएको हो।
स्थानीयका अनुसार गएराति खेतमा राखिएको जौको कून्यूमा कसैले आगो सल्काइदिएको थियो।
आगलागीले जौबाली मात्र नभई नजिकैको पोखरीको डिलमा लगाइएका साना बिरुवा तथा केही रुखहरू समेत जलेर नष्ट भएका छन्।
घटनाप्रति दुःख व्यक्त गर्दै वडाध्यक्ष मण्डलले आफूले मेहनत गरेर लगाएको बाली यसरी नष्ट हुँदा ठूलो क्षति पुगेको बताएका छन्। 'कसले र किन यस्तो गऱ्यो भन्ने अझै थाहा हुन सकेको छैन,' उनले भने।
प्रहरीका अनुसार सूचना पाउनेबित्तिकै टोली घटनास्थल पुगेर प्रारम्भिक अनुसन्धान सुरु गरिएको छ। यद्यपि आगजनी कसले गरेको हो भन्ने खुल्न सकेको छैन र संलग्न व्यक्तिको खोजी कार्य जारी रहेको जनाइएको छ।
स्थानीय बासिन्दाहरूले पछिल्लो समय यस्ता आपराधिक घटना बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका छन्। उनीहरूले दोषीको पहिचान गरी कडा कारबाही गर्न माग गरेका छन्।

# किस्ता विवादमा खुकुरी प्रहार युवक गम्भीर घाइते




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा मोबाइल किनबेचसँग सम्बन्धित सामान्य विवादले एकाएक हिंसात्मक रूप लिँदा एक युवक गम्भीर घाइते भएका छन्। शुक्रबार जनकपुरधाम उपमहानगरपालिका–२ स्थित एक मोबाइल पसलमा भएको घटनाले स्थानीय क्षेत्र नै स्तब्ध बनेको छ।
प्रहरीका अनुसार 'मोबाइल मल' नामक पसलमा किस्ता (इएमआई) मा खरिद गरिएको मोबाइलको भुक्तानीलाई लिएर ग्राहक र पसलका कर्मचारीबीच विवाद चर्किएको थियो। सामान्य भनाभनबाट सुरु भएको झगडा केहीबेरमै उग्र बन्दै जाँदा ग्राहक निर्भय मिश्राले पसलमा कार्यरत नवीन कुसियैतमाथि खुकुरी प्रहार गरेका हुन्। धनुषा प्रहरीका प्रवक्ता गणेशबहादुर बमका अनुसार आक्रमणकारीले पटक–पटक खुकुरी प्रहार गरेका थिए। 'किस्ता तिर्ने विषयमा विवाद देखिएको छ, घटनाको प्रकृति गम्भीर छ र विस्तृत अनुसन्धान भइरहेको छ,' उनले बताए। गम्भीर घाइते कुसियैतलाई तत्काले प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका लागि भर्ना गरिएको छ। चिकित्सकका अनुसार उनको अवस्था चिन्ताजनक छ र टाउकोसहित शरीरका विभिन्न भागमा गहिरा चोटहरू रहेका छन्।
घटनामा संलग्न मिश्रालाई प्रहरीले घटनास्थलबाटै नियन्त्रणमा लिएको छ। उनीमाथि ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दर्ता गर्ने तयारी भइरहेको जनाइएको छ।
पसल सञ्चालकका अनुसार मिश्राले करिब ६ महिनाअघि किस्ता प्रणालीमार्फत मोबाइल खरिद गरेका थिए तर पछिल्ला तीन महिनादेखि भुक्तानी नगरेपछि कर्मचारीले ताकेता गर्दै आएका थिए। यही विषयमा विवाद चर्किँदै जाँदा घटना भएको बताइएको छ।
स्थानीय व्यवसायीहरू भने पछिल्लो समय किस्ता प्रणालीमा सामान किन्ने तर भुक्तानी नगर्ने प्रवृत्ति बढ्दै गएको भन्दै चिन्ता व्यक्त गर्छन्। प्रहरीले घटनाको थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# महोत्तरीको विकासकालागि सांसद झाले बुझाए प्रधानमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरी जिल्लाको समग्र विकासका लागि महोत्तरी ३का प्रतिनिधिसभा सदस्य उज्ज्वल कुमार झाले नेपाल सरकार समक्ष ज्ञापनपत्र पेश गरेका छन्।
सिंहदरबारमा प्रधानमन्त्री बालेन्द्र शाहलाई बुझाइएको ज्ञापनपत्रमा शिक्षा, स्वास्थ्य, कृषि तथा सिँचाइ, पूर्वाधार, धार्मिक पर्यटन र खेलकुद क्षेत्रका समस्या समाधानका लागि ठोस पहल गर्न आग्रह गरिएको छ।
शिक्षातर्फ विद्यालय व्यवस्थापन सुधार, शिक्षक दरबन्दी मिलान, विज्ञान प्रयोगशाला स्थापना, प्राविधिक शिक्षालय सञ्चालन र जलेश्वरस्थित क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस बनाउन माग गरिएको छ।
स्वास्थ्यतर्फ जलेश्वर प्रादेशिक अस्पताललाई संघीय मातहतमा ल्याई स्तरोन्नति, विशेषज्ञ चिकित्सक थप, स्थानीय तहका अस्पताल निर्माण सम्पन्न तथा विपन्नलाई निःशुल्क उपचार व्यवस्था गर्न आग्रह गरिएको छ।
कृषि क्षेत्रमा सुनकोशी मरिन डाइभर्सन आयोजना शीघ्र सम्पन्न गरी सिँचाइ विस्तार, मल–बीउ उपलब्धता, बाली क्षतिपूर्ति र किसान परिचयपत्र लागू गर्नुपर्ने माग राखिएको छ।
पूर्वाधारतर्फ जलेश्वरमा सुख्खा बन्दरगाह निर्माण, जनकपुर–जलेश्वर सडक स्तरोन्नति, औद्योगिक करिडोर निर्माण तथा बाढी नियन्त्रणका लागि तटबन्ध मर्मत र पानी निकास व्यवस्थापनमा जोड दिइएको छ।
त्यसैगरी, जलेश्वरनाथ महादेव मन्दिर लगायत धार्मिक स्थलको विकासमार्फत पर्यटन प्रवद्र्धन र जलेश्वरमा बहुउद्देश्यीय रंगशाला निर्माण गर्न प्रतिनिधिसभा सदस्य झाले प्रधानमन्त्री शाहसमक्ष आग्रह गरे। यसका साथै सांसद झाले महोत्तरी जिल्लाबाट ठूलो संख्यामा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता रहेको र उनीहरुका सन्तान कुलतमा फस्ने खतरा रहेकाले त्यसको निरुपण गर्नु समेत आवश्यक रहेका प्रधानमन्त्री बालेन समक्ष आग्रह गरेका थिए। लेनदेनको विकराल समस्याका कारण विपन्न वर्गलाई बढी नै प्रभावित गरेको भन्दै समेत उहाँले चिन्ता व्यक्त गरेका थिए।

# जसपा नेपालका नेताहरुको संरक्षक ठाकुरसँग छलफल

मधेशदृष्टि
जनकपुरधाम।
जनता समाजवादी पार्टी (जसपा) नेपालको पार्टी कार्यालयमा शनिबार दिउँसो पार्टीका संरक्षक महन्थ ठाकुरसहित शीर्ष नेताबिच समसामयिक राजनीतिक अवस्थाबारे छलफल भएको छ।
हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले भोगेको हारको समीक्षा तथा मधेशी दलबिचको एकताका विषयमा छलफल केन्द्रित रहेको थियो।
छलफलमा पार्टीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री रकम चेम्जोङ, पूर्वप्रदेश प्रमुख एवम् मन्त्री उमाकान्त झा, पूर्वमुख्यमन्त्रीद्वय लालबाबु राउत र जितेन्द्र सोनल, कार्यकारिणी सदस्य प्रकाश अधिकारी, डा सुरेन्द्र कुमार झा, खालिद शिद्दिकी, विनोद सिंहलगायतको उपस्थिति रहेको थियो।
बैठकमा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जसपा नेपालले अपेक्षाअनुसारको नतिजा ल्याउन नसक्नुका कारणहरूमाथि गम्भीर समीक्षा गरिएको बुझिएको छ। पार्टीको कमजोर प्रदर्शनले भविष्यमा मधेश केन्द्रित दलहरूको भूमिका र एकताबद्ध प्रयासको आवश्यकतामाथि जोड दिएको थियो।
छलफलमा सहभागी नेताहरूले मधेशी दलहरूबिचको एकताका विषय उठाएका थिए। आगामी दिनमा मधेशी दलहरूबिच एकताका लागि थप पहल गर्ने विषयमा पनि अनौपचारिक कुराकानी भएको स्रोतले जनाएको छ।

# एमालेमा विशेष महाधिवेशन बोलाउन हस्ताक्षर अभियान

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा एमालेभित्र नेतृत्व र कार्यशैलीप्रति प्रश्न उठाउँदै विशेष महाधिवेशन बोलाउन हस्ताक्षर अभियान सुरू गरिएको छ। केपी ओलीलाई तेस्रोपटक अध्यक्ष बनाउँदै एमालेको ११औँ महाधिवेशन सकिएको साढे ३ महिनामात्र हुँदैछ।
पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूले हालैको निर्वाचनमा पार्टीले व्यहोर्नुपरेको ऐतिहासिक पराजय र नेतृत्वप्रति जनताको अविश्वासलाई मुख्य कारण देखाउँदै हस्ताक्षर अभियान थालेका हुन्।
केन्द्रीय कमिटी सदस्य, जनवर्गीय संगठनका पदाधिकारीसमेतको सहभागितामा थालिएको यो अभियानमा अहिलेसम्म ४ सय ४० जनाले हस्ताक्षर गरिसकेको दाबी गरिएको छ। अभियानमा सहभागी नेताले पदाधिकारीहरूको पनि साथ रहेको बताए।
नेपाल प्रेसलाई प्राप्त अध्यक्षलाई सम्बोधन गरेर तयार पारिँदै गरेको विशेष महाधिवेशनको मागपत्रमा २०४८ देखि २०८२ सम्मको संसदीय यात्रामा पार्टीले अहिले लज्जास्पद हार व्यहोरेको उल्लेख छ। प्रत्यक्षतर्फ १ सय ६५ मध्ये ९ सीटमा खुम्चिनु र समानुपातिकमा पनि उस्तै नतिजा आउनुले पार्टीको कमिटी प्रणाली र वर्तमान नेतृत्वप्रति जनताको अविश्वास देखिएको उनीहरूको भनाइ छ।
विशेष महाधिवेशनको माग गर्ने पक्षक्षरले काठमाडौं उपत्यकाका १५ मध्ये ११ क्षेत्रमा एमाले उम्मेदवारको जमानत जफत हुनु र अधिकांश चर्चित र शीर्ष नेताहरू भारी मतान्तरले पराजित हुनु जनताको भावना अनुसार पार्टी नचल्नुको परिणाम भएको निचोड निकालेको छ।
एमाले इतिहासको संगीन मोडमा आएको भन्दै मौजुदा कुनै कमिटीमा सामान्य समीक्षाले मात्र निकास नदिने एक नेताले बताए।
एमालेको विधानअनुसार ठोस कार्यसूची र उचित कारण देखाएर बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखितरूपमा माग गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्ने उल्लेख छ।
यदि महाधिवेशन आयोजना नगरिए महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले महाधिवेशन आयोजक कमिटी बनाएर विशेष महाधिवेशन आयोजना गर्न सक्ने वैधानिक व्यवस्था रहेको छ।
दलको नेतामा सुहाङलाई रोकेर समयको बेग बुझ्न नसकेको पार्टी पङ्क्तिकै आलोचनालगत्तै 'बादल प्रकरण' एमालेको पछिल्लो संकटको पानीढलो बनेको छ। उनको अभिव्यक्तिलाई लिएर विष्णु पौडेलजस्ता नेता नै सार्वजनिक प्रतिवादमा उत्रिनुले अब एमालेमा नेतृत्व परिवर्तनको संघर्ष निर्णायक मोडमा पुगेको केही नेता बताउँछन्।
'संसदमा बादलको विवादास्पद भनाइलाई सचिवालयले सच्याउने निर्णय गरेसँगै नेतृत्वको नैतिक धरातल सकिइसकेको छ', एक पदाधिकारी बताउँछन्।



# अतिरिक्त कक्षा सञ्चालनपछि अतिविपन्न दलित बालबालिकाका लाभान्वित

**कञ्चनपुर।**
शुक्लाफाँटा नगरपालिका–१० झलारीस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको आधारभूत तहमा अध्ययनरत अतिविपन्न दलित परिवारका बालबालिकाका लागि अङ्ग्रेजी माध्यमको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ । त्यस्ता बालबालिकाको सिकाइ सुधारका लागि वडा कार्यालयको सहयोगमा कक्षा सञ्चालन गरिएको हो।

हाल यहाँ कक्षा १ देखि ३ सम्म अध्ययनरत ६६ जना दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई समेटेर अतिरिक्त कक्षा सञ्चालन गरिरहेको वडाअध्यक्ष लालबहादुर ऐरले जानकारी दिए।

उनका अनुसार आर्थिक अवस्था कमजोर भएका परिवारका अभिभावक मजदुरीका लागि अन्यत्र जाने र बालबालिकालाई पनि सँगै लैजाने गरेका कारण धेरै बालबालिकाले विद्यालय छाड्ने अवस्था छ।

केही महिना मजदुरी गरेर फर्किएपछि बालबालिकाको सिकाइ सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको उनले बताए। ‘अभिभावक मजदुरीका लागि बाहिर जाँदा बालबालिका पनि सँगै जाने र विद्यालय छोड्ने अवस्था छ । पुनः विद्यालयमा फर्किंदा कोर्स पढाइ धेरै अगाडि बढिसकेको हुन्थ्यो । हामीले त्यसको पूर्ति गर्न अतिरिक्त कक्षा सञ्चालन गरेका हौँ,’ वडाअध्यक्ष ऐरले भने।

हाल कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयका दक्ष शिक्षकको व्यवस्था गरी पठनपाठन गरिएको र आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई समेटेर कार्यक्रम विस्तार गर्ने योजना रहेको वडा कार्यालयले जनाएको छ । हाल अतिरिक्त कक्षा सञ्चालनका लागि वडा कार्यालयले चार लाख रुपैयाँ विनियोजन गरेको छ।

दलित समुदायका बालबालिका विद्यालय समयमा नियमित र त्यसपछि अतिरिक्त कक्षामा थप अध्ययन गर्ने व्यवस्था गरिएको छ । त्यस्ता बालबालिकाका लागि वडाबाट वर्षभरि पुग्ने शैक्षिक सामग्री, अङ्ग्रेजी विषयका पाठ्यपुस्तक, झोला, पोसाक, ट्र्याकसुट, जुत्ता, मोजालगायत सामग्री उपलब्ध गराइएको वडाअध्यक्ष ऐरले जानकारी दिए।

विद्यालयका शिक्षक भरतबहादुर ऐरका अनुसार बालबालिकालाई दुईवटा कक्षामा विभाजन गरेर पठनपाठन गरिँदै आएको छ । अतिरिक्त कक्षा सञ्चालन भएपछि बालबालिकाको पढाइमा उल्लेखनीय सुधार देखिएको उनले बताए । ‘पहिले धेरै बालबालिका पढाइमा कमजोर थिए, विद्यालय पनि नियमित आउँदैनथे,’ ऐरले भने, ‘हाल बालबालिका नियमित विद्यालय आउन थालेका छन् र पढाइमा पनि सुधार भइरहेको छ।’

कार्यक्रमले विद्यालयमा घट्दै गएको विद्यार्थी संख्या बढाउन पनि सहयोग पुगेको विद्यालय प्रशासनले जनाएको छ । वडा कार्यालयले आगामी दिनमा अझ प्रभावकारी रूपमा दलित तथा अतिविपन्न बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने योजना बनाएको छ । विद्यालयमा छात्रावास निर्माण कार्य पूरा भएपछि अतिविपन्न दलित बालबालिकालाई छनोट गरी आवासीय रूपमा राखेर पढाइ गराउने योजना रहेको वडाअध्यक्ष ऐरले बताए।

‘छात्रावास बनेपछि टाढाका र अतिविपन्न परिवारका बालबालिकालाई आवासीय रूपमा राखेर पढाउने योजना छ,’ उनले भने, ‘वडा कार्यालयले विपन्न बालबालिकाको शिक्षामा पहुँच पु¥याउन अभिभावक बनेर काम गरिरहेको छ र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ।’

वडास्तरबाट लक्षित वर्गका बालबालिकाका लागि सञ्चालन गरिएको यस्तो कार्यक्रमले शिक्षामा पहुँच विस्तार, विद्यालय छाड्ने दर घटाउने र शैक्षिक गुणस्तर सुधार गर्ने अपेक्षा गरिएको छ । आर्थिक अभावका कारण पढाइबाट वञ्चित हुने अवस्थामा रहेका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको यस्तो कार्यक्रमले स्थानीय अभिभावक पनि खुसी छन्।

‘यस कार्यक्रमले विशेषगरी दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ,’ दलित अधिकारकर्मी सिवी लुहारले भने, ‘कक्षा अनुगमन गर्दा बालबालिकाको नियमितता, पढाइप्रति रुचि र शैक्षिक उपलब्धिमा सुधार पाएका छौँ।’ रासस

# रेडक्रसको सदस्यता अभियान तीव्र, सिंह नेतृत्वमा धनुषा शाखाको विस्तार र सेवा सुदृढ

जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटीले देशव्यापी रूपमा सञ्चालन गरेको सदस्यता वितरण अभियान धनुषामा पनि सक्रिय रूपमा अघि बढाइएको छ । अभियानअन्तर्गत जिल्ला शाखा तथा उपशाखामार्फत सदस्यता फारम वितरण भइरहेको छ भने अनलाइनमार्फत समेत आवेदन दिने व्यवस्था गरिएको छ । गत फागुन २५ गतेदेखि सुरु भएको एक महिने अभियान चैत २४ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।केन्द्रीय निर्देशनअनुसार नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाले कार्यालयमै उपस्थित भई फारम भर्ने सुविधा उपलब्ध गराएको छ । साथै इच्छुक व्यक्तिहरूले अनलाइनमार्फत घरमै बसेर पनि सदस्यता आवेदन दिन सक्ने व्यवस्था मिलाइएको शाखाले जनाएको छ ।धनुषा शाखाका सभापति नरेशप्रसाद सिंहले रेडक्रसको सिद्धान्त, मान्यता र विधि–प्रक्रियाअनुसार सबै नेपाली नागरिकलाई सदस्य बन्न आह्वान गरिएको बताए । उनका अनुसार विधानमा उल्लेखित प्रक्रिया पूरा गरी तोकिएको शुल्क बुझाउने जो–कोहीले पालिका शाखा, जिल्ला शाखा, प्रदेश कार्यालय वा केन्द्रीय कार्यालयमार्फत सदस्यता लिन सक्नेछन् ।सिंहले सदस्यता वितरण पारदर्शी ढंगले भइरहेको दाबी गर्दै केही व्यक्तिहरूले अनावश्यक विवाद सिर्जना गर्न खोजेको आरोप लगाए । उनले सदस्यता वितरण रोकिएको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरिएको विषयप्रति ध्यानाकर्षण भएको उल्लेख गर्दै ती गुनासा तथ्यहीन रहेको बताए ।



उनका अनुसार केही व्यक्तिहरूले अपूर्ण विवरण र शंकास्पद कागजातका आधारमा फारम भर्न खोज्दा प्रक्रिया नपुगेको कारण अस्वीकृत गरिएको हो ।“विधि पूरा गरेर आउने कसैलाई पनि रोकिएको छैन, अनलाइन फारमसमेत खुला छ, घरबाटै आवेदन दिन सकिन्छ,” उनले भने, “संस्थालाई विवादित बनाउने उद्देश्यले गलत प्रचार गरिएको हो ।” उनले रेडक्रसलाई कमजोर पार्ने गतिविधिबाट सचेत रहन सबैलाई आग्रह पनि गरे ।धनुषा शाखालाई विवादित बनाउन केही समूह सुरुदेखि नै सक्रिय रहेको आरोप समेत लागेको छ । व्यक्तिगत स्वार्थका कारण अनावश्यक विवाद खडा गरिँदै आएको भन्दै संस्थाभित्रको एकतामा असर पार्ने गतिविधि रोक्नुपर्ने मागसमेत उठेको छ ।वि.सं. २०२६ सालमा स्थापना भएको धनुषा रेडक्रस शाखाले लामो समय व्यवस्थित संरचना पाउन सकेको थिएन । प्रजातन्त्र पुनःस्थापनापछि २०४७ सालमा डा. विजयकुमार सिंहको नेतृत्वमा गठित तदर्थ समितिले संस्थालाई व्यवस्थित बनाउने प्रक्रिया अघि बढाएको थियो । त्यसपछि मात्र शाखाका गतिविधि विस्तार हुँदै गएको बताइन्छ ।हाल धनुषा शाखाले सुविधा सम्पन्न कार्यालय निर्माणसहित विभिन्न सेवा विस्तार गरेको जनाएको छ । जनकपुरधाममा मात्रै आठवटा भवन निर्माण गरिएको शाखाले जानकारी दिएको छ । आँखा उपचार सेवा विस्तार, रक्तसञ्चार सेवा, एम्बुलेन्स सञ्चालन तथा विपद् व्यवस्थापनका क्षेत्रमा शाखाले उल्लेख्य काम गर्दै आएको दाबी गरिएको छ ।रेडक्रस धनुषाले जनकपुरधामस्थित आँखा अस्पतालमार्फत सेवा विस्तार गर्दै आएको छ । विगतमा बिरामी खोज्नुपर्ने अवस्था रहेकामा अहिले नेपाल र भारतबाट समेत हजारौं बिरामी उपचारका लागि आउने गरेको शाखाको भनाइ छ ।त्यसैगरी शाखाले धनुषासँगै महोत्तरी, सर्लाही र सिन्धुलीसम्म आँखा उपचार सेवा विस्तार गरेको जनाएको छ । लालगढ, लालबन्दी, जलेश्वर, यदुकोहा, सबैला, गोदारलगायत स्थानमा नियमित सेवा सञ्चालन भइरहेको सभापति सिंहले बताए ।विपद्का समयमा राहत तथा उद्धार कार्यमा पनि रेडक्रस धनुषा सक्रिय रहँदै आएको छ । बाढी, आगलागी, भूकम्पलगायतका घटनामा रेडक्रसकर्मीहरूले जोखिम मोलेर सेवा प्रदान गर्दै आएका छन् । रक्तसञ्चार सेवा र एम्बुलेन्स सञ्चालनले जिल्लामा आकस्मिक स्वास्थ्य सेवामा समेत योगदान पुगेको शाखाको दाबी छ।

# ‘षट्श्राद्ध सङ्ग्रह’ पुस्तक सार्वजनिक

काठमाडौँ।
श्राद्ध पद्धतिको सबैभन्दा सजिलो र शास्त्रीय पुस्तकका रुपमा ‘षट्श्राद्ध सङ्ग्रह’ सार्वजनिक गरिएको छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा. श्रीकृष्ण अधिकारी, पुस्तकका सम्पादक सहप्राध्यापक श्रीराम सापकोटा, पुस्तकका सङ्कलक लक्ष्मण सापकोटा, स्वमकी केशव प्रपन्नाचार्य, वाल्मीकि विद्यापीठ फलित ज्योतिष विषयका सहप्राध्यापक उपेन्द्रप्रसाद भट्टराई, प्रा.डा. प्रद्युम्नविक्रम राणागायतले पुस्तक सार्वजनिक गरेका थिए।

कार्यक्रममा समितिका पूर्वअध्यक्ष अधिकारीले शास्त्रीय विधिअनुसार वचन मिलेको पुस्तकका रुपमा ‘षट्श्राद्ध सङ्ग्रह’ सार्वजनिक हुनु खुसीको विषय रहेको बताए।

पुस्तकमा केही त्रुटि पनि भेटिएकाले अर्को संस्करणमा सच्याउन उनले सुझावसमेत दिएका थिए । कार्यक्रममा पुस्तकका सम्पादक सापकोटाले ९६ प्रकारका श्राद्धमध्ये अहिले कतिपय लोप भइसकेको सुनाए । शास्त्रमा भएका श्राद्धसम्बन्धी विषयलाई पुस्तकमा समेटिएको जानकारी पनि उनले गराए । पुस्तकमा देखिएका अशुद्धिलाई आगामी दिनमा कमी गर्दै लैजाने प्रतिबद्धता पनि सम्पादक सापकोटाको थियो।

स्वामी केशव प्रपन्नाचार्यले डर, कर र अरूले के भन्छन् भनी नभई श्रद्धाले युक्त भएर श्राद्ध गरिनुपर्ने बताए । सहप्राध्यापक भट्टराईले मुण्डनादि श्राद्धका नियम कति लागू भए भनी खोजीको विषय हुनुपर्ने बताए। रासस

# डडेल्धुरामा १२ वर्षपछि पुनः हाटबजार सञ्चालन

**डडेल्धुरा।**
जिल्ला सदरमुकाम डडेल्धुरामा १२ वर्षपछि पुनः हाटबजार सञ्चालनमा आएको छ । अमरगढी नगरपालिका–५ स्थित उद्योग वाणिज्य सङ्घको कार्यालय परिसरमा २०७० सालमा पहिलो पटक हाटबजार सञ्चालन गरिएको थियो । करिब दुई वर्षसम्म हाटबजार सञ्चालन गरिए पनि पछि बन्द भएको थियो । हाल बसर्पाक पछाडिको खुल्ला स्थानमा पुनः कृषि ज्ञान केन्द्र, अमरगढी नगरपालिका र डडेल्धुरा उद्योग वाणिज्य सङ्घको समन्वयमा हाटबजार सञ्चालनमा आएको हो । सङ्घका अध्यक्ष दिपक महताका अनुसार १२ वर्षअघि दुई वर्षसम्म सञ्चालनमा आएको हाटबजार व्यवस्थित गर्न नसक्दा बन्द भएको थियो । वर्षा हुँदा उक्त क्षेत्र हिलाम्य हुने गरेकै कारण हाटबजार बन्द हुन पुगेको हो । बजार नजिकै भए पनि करिब १०० मिटर सडक र हाटबजार स्थल पक्की बन्न नसक्दा हिलाम्मे हुने भएकै कारण बजार बन्द हुन पुगेको थियो । हाल भने पक्की सडक बाटो निर्माण भइरहेको छ र बजार व्यवस्थित पनि भइरहेको छ । कृषि उपजको सहज बिक्री–वितरण तथा स्थानीय उत्पादनको प्रवद्र्धन गर्ने उद्देश्यले कृषि हाटबजार सञ्चालनमा ल्याइएको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख नरेन्द्र पनेरुले जानकारी दिएका छन् । उनका अनुसार कृषि थोक तथा हाटबजार सञ्चालक समितिको आयोजनामा र कृषि क्षेत्रमा सरोकार राख्ने विभिन्न निकाय तथा उद्योग वाणिज्य सङ्घको समन्वयमा हाटबजार सञ्चालन गरिएको हो।

कार्यालय प्रमुख पनेरुका अनुसार हाटबजारमा जिल्लाका कृषक तथा व्यापारीहरूले कृषि उपज, वनपैदावार, पशुजन्य वस्तु, घरेलु उत्पादन तथा हस्तकलाका सामग्रीहरू किनबेच गर्न सक्नेछन् । यसले स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउनाका साथै उपभोक्तालाई ताजा तथा स्थानीय सामग्री सहज रूपमा प्राप्त हुने अपेक्षा गरिएको छ । रासस

# ‘हेल्लो गृष्मा, तिम्रो एसइई कस्तो हुँदैछ ?’



**प्रकाश सिलवाल–रासस**
**काठमाडौँ।**
‘हेल्लो गृष्मा, तिम्रो परीक्षा कस्तो हुँदै छ ?’ माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि घरबाट निस्कन लागेकी काठमाडौँको दरबार हाइस्कुलकी विद्यार्थी गृष्मा अधिकारीलाई भिडियो कलमा चासोपूर्वक सोध्ने व्यक्ति उनका प्राचार्य वा शिक्षक होइनन् । गृष्माका नातेदार वा अभिभावक पनि होइनन् । त्यसरी स्नेहपूर्वक चिन्ता राख्ने सामाजिक अभियन्ता याङजोम शेर्पाले गृष्मालाई मात्र होइन अरु धेरै एसइई विद्यार्थीलाई उनीहरुको परीक्षा र भविष्यको बाटोबारे सोधिरहेका छन्।

याङजोमलाई यसरी हरेक वर्ष एसइईका विद्यार्थीलाई चासो राखेर परीक्षा तयारी कक्षा तथा प्रोत्साहन जगाउन तिनै विद्यार्थी र अभिभावकले प्रेरणा दिएका हुन् । याङजोमले आफूले सानो हुँदा त्यो दुर्गम गाउँमा पढ्नका लागि खेप्नु परेको सङ्घर्ष र त्यसबाट अहिले राष्ट्रियस्तरमा चिनिएको व्यक्तित्व प्रेरणाको स्रोत हो । सानैमा आमा गुमाएकी याङजोमले अहिलेका नानीबाबुले आफूले जस्तो अभिभावकविहीन हुनु नपरोस् भन्ने कुराले पनि प्रेरणा पाएर उत्प्रेरणा दिन थालेका हुन्।

इमानदार भएर मेहिनतका साथ निरन्तर कर्म गरेमा माथिल्लो तहमा पुग्न सकिन्छ भन्ने उदाहरण उनले विद्यार्थीमाझ पु¥याउनुभएको छ।

याङजोमको घर ताप्लेजुङको दुर्गम तर सुन्दर गाउँ फत्ताङलुङको घुन्सामा हो, जहाँबाट जिल्ला सदरमुकाम फुङलिङ पुग्न त्यसबेला पैदलमा सात दिन लाग्थ्यो । पाँचौँ सन्तान जन्माउने बेलामा उपचार अभावमा कठिन पीडा भोगेर याङजोमकी आमाको दुःखद् निधन भएको थियो।

आमाको निधनपछि याङजोमले तेह्रथुमको आठ्राई सङ्क्रान्ति बजारस्थित फुपुको होटेलमा सघाउँदै विद्यालय शिक्षा पढेकी थिइन् । अहिले उन विद्यालय तहका कैयौँ विद्यार्थीको शैक्षिक आमा बनेर विद्यालय–विद्यालय र भर्चुअल दुनियाँमा छाएका छन् । सामाजिक सञ्जालमा याङजोमले विद्यार्थी भाइ बहिनीका लागि पढाइका कुराका साथै स्वास्थ्य, शिक्षा, अनुशासन र उत्प्रेरणामूलक खुराकहरु निरन्तर प्रवाह गरिरहेका छन्।

केही वर्ष अघि गृह जिल्लाबाट एक आमाले शेर्पालाई फोन गरेर आफ्नो स्नातक गरेका छोरालाई जागिर लगाइदिन आग्रह गरेकी थिइन् । याङजोमले ती विद्यार्थी र आमालाई सँगै लिएर चिनेको एक कम्पनीका प्रमुखको भेट गराए । ती प्रमुखले विद्यार्थीलाई उनले पढेका विषयमा प्रश्नहरु सोधे तर चार वर्ष पढेर प्रमाणपत्र पाएका ती विद्यार्थीको व्यावहारिक ज्ञान कमजोर पाइयो।

पढेर जागिर नपाउने त छन् नै, माध्यमिक तहसम्म पढ्नै नपाउने बालबालिका पनि धेरै छन् । प्रमाणपत्र भएर जागिर नपाउने अनि गरिबी र विविध कारणले राम्रो पढ्न नसकेका विद्यार्थीका लागि निःशुल्क अनलाइन कक्षाको देशव्यापी अभियान लिएर तीन वर्षदेखि याङजोम शेर्पा विद्यार्थी, शिक्षक र अभिभावकमाझ पुगेका छन् । अभियानको टोलीमा ३५ विषय विज्ञ शिक्षक जोडिएका छन्।

भिडियो कलमा गृष्मा र उनकी आमा गीता अधिकारीले परीक्षा राम्रो हुँदै गएको तथा यसरी चासो राख्दा आफूहरुलाई खुसी लागेको प्रतिक्रिया दिएपछि याङजोमलाई थप ऊर्जा मिलेको छ । ‘मेरो सम्पत्ति भनेकै विद्यार्थी र अभिभावकको खुसी हो । उनहरुको सफलताले हाम्रो अभियानको सार्थकता दिएको छ,’ याङजोमले भने, ‘हामीले एसइईका विद्यार्थीका लागि निःशुल्क अनलाइन कक्षा मात्रै चलाइनौँ, उत्प्रेरणा कक्षा पनि सञ्चालन गर्यौँ । यसको सकारात्मक प्रभाव परेको छ।’

अघिल्ला वर्षमा उन्नती फाउण्डेशनले सुरु गरेको यो यात्रा अहिले घुन्सा फाउण्डेशनबाट एम्बिसन गुरुको प्राविधिक सहयोगमा सञ्चालित छ । विद्यालयमा भइरहेकाक कोचिङ कक्षाभन्दा यो अनलाइन कक्षा प्रभावकारी भएको विद्यार्थी, शिक्षक र अभिभावकले आफूहरुलाई प्रतिक्रिया दिएको याङजोमले बताए।

विसं २०८० मा ३० हजार विद्यार्थीबाट सुरु गरिएको निःशुल्क अनलाइन कक्षा २०८१ सालमा एक लाख ८१ हजार र २०८२ सालमा एक लाख ७२ हजार विद्यार्थी जोडिएका थिए । विषय विज्ञ र प्रविधिमा पोख्त शिक्षकले नेपाली र अङ्ग्रेजीमा माध्यममा निरन्तर अनलाइन कक्षा दिनुले विद्यार्थीका लागि यो ‘ब्रम्हास्त्र’ सावित हुने ठानिएको छ । गत वर्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एसइई परीक्षामा ४८ प्रतिशत मात्रै विद्यार्थी सफल भइरहेको समस्यालाई सुधार्न दूरसञ्चार सेवा प्रदायक कम्पनीको सहयोगमा निःशुल्क अनलाइन कक्षा सञ्चालन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बद्ध निकायलाई आव्हान गरेका थिए।

सरकारी निकायले दिएका अनलाइन कक्षाहरुको प्रभाव आमरुपमा पर्न नसकेका बेला सामुदायिकस्तरमा घुन्सा फाउण्डेशनले आफूलाई यस कार्यमा अग्रमोर्चामा प्रस्तुत गरेको छ । गतवर्ष अघिल्लो वर्षको तुलनामा झण्डै १३ प्रतिशतले परीक्षाफलमा सुधार आएको थियो। नेपाल ट्रष्टका सञ्चालक समिति सदस्य रहनुभएका याङजोमले यसवर्ष ३४ जिल्लामा ‘मोटिभेसनल क्लास’ दिँदा शैक्षिक सुधारका लागि थप अनुभव र ज्ञान मिलेको बताए। यस्ता उत्प्रेरणामूलक कक्षामा आनी छोइङ डोल्मा जस्ता व्यक्तित्वलाई पनि प्रस्तुत गर्ने गरिएको छ।

‘विद्यार्थीलाई कक्षा कोठाको पर्खालभित्रको पढाइमा मात्रै सीमित राख्नुहुँदैन । वर्षभरि मेहिनत गरेर पढेको र बुझेका कुरा परीक्षामा तोकिएको समयभित्र निर्भयताका साथ प्रस्तुत गर्न सक्ने क्षमता विकास गर्नुपर्छ,’ उनले भने, ‘हाम्रा अनलाइन कक्षा र भौतिकरुपमा गरिएकाका मोटिभेसन क्लासले विद्यार्थीमा त्यस प्रकारको मनोबल दिएको छ।’

अभियन्ता याङजोम कुनै विद्यालयको कक्षामा पुगेर विद्यार्थीलाई सुरुमै भन्ने गर्छन्। ‘नानीबाबहरु, तिमीहरुको आमा बुबा हुनुहुन्छ होला । हुनेहरु भाग्यमानी हुनुहुन्छ । हुने र नहुनेहरुका लागि म अर्की आमा हो। म तिमीहरुको शिक्षा र भविष्यलाई गोरेटोमा लैजान टेवा दिने एउटी आमा सम्झिए पनि हुन्छ । तिमीहरुको उज्ज्वल भविष्यका लागि हामी एउटा साहारा बन्न सक्छौँ, मेहिनत गर्ने त तिमीहरुले नै हो।’

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले यही चैत १९ गतेदेखि २९ गते देशभर एकै पटक विगतमा झैँ यो परीक्षा सञ्चालन गरिरहेको छ । परीक्षाका लागि यस वर्ष पाँच लाख १२ हजार ४२१ विद्यार्थीले आवेदन दिएका थिए । परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरिएका छन्।



# ‘उपमेयर कप’ टी–२० को सुरुवात पहिलो दिनमै रोचक प्रतिस्पर्धा




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिकामा गाउँपालिका स्तरीय ‘उपमेयर कप’ टी–२० क्रिकेट प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ । गाउँपालिकाको सहयोग तथा मुडली क्रिकेट क्लबको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन एक औपचारिक कार्यक्रमबीच पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल ले फिता काट्दै र ब्याटिङ गर्दै गरेका हुन् ।
उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै रिजालले देश निर्माणमा युवाको भूमिका खेलकुदजत्तिकै महत्वपूर्ण रहेको बताए । खेलकुदले युवाको शारीरिक तथा मानसिक विकासमा टेवा पु¥याउनुका साथै स्थानीय तहको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पु¥याउने भएकाले यसलाई प्राथमिकतामा राख्नुपर्ने उनले जोड दिए । आगामी दिनमा आफू तथा मधेश प्रदेशको तर्फबाट खेल क्षेत्रलाई आवश्यक सहयोग उपलब्ध गराइने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।वडा नं. १ मुडलीस्थित खेल मैदानमा भइरहेको प्रतियोगितामा आयोजक कालिकामाई क्रिकेट क्लबसँगै धोबिनी गाउँपालिका, पोखरिया नगरपालिका र बिन्दबासिनी गाउँपालिका लगायतका टोलीहरू सहभागी छन् । प्रतियोगितामा कुल आठ वटा टिमको सहभागिता रहने आयोजकले जनाएको छ ।
क्रिकेट क्लब मुडलीका अध्यक्ष बुलट पटेलको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष राजमती देवी बरैनी, अध्यक्ष पदका उम्मेदवार अजय पटेल, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि वशिष्ठनारायण कुर्मी, श्रीकान्त यादव, पर्सा कांग्रेसका कोषाध्यक्ष प्रेम थापा लगायत स्थानीय नेता, जनप्रतिनिधि, खेलाडी र दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।
प्रतियोगिताको पहिलो दिन भएका खेलहरूमा कालिकामाई गाउँपालिकाले ११८ रन बनाएको थियो भने धोबिनी गाउँपालिकाले ११९ रन बनाउँदै जित हात पारेको छ ।
त्यसैगरी अर्को खेलमा पोखरिया नगरपालिकाले १६४ रनको लक्ष्य प्रस्तुत गर्दा बिन्दबासिनी गाउँपालिका १४१ रनमै समेटिएपछि पोखरिया विजयी भएको आयोजकले जनाएको छ ।

# नेशनल मेडिकल कलेजद्वारा हेल्थ म्याराथन, पुरुषतर्फ अनिल र महिलातर्फ विपना प्रथम




**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले ‘रन फर हेल्थ, रन फर लाइफ’ नारासहित आयोजना गरेको हेल्थ म्याराथन सम्पन्न भएको छ । स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यलेस् पोट्र्स वीक २०८२ अन्तर्गत आयोजित उक्त कार्यक्रममा विद्यार्थी, शिक्षक, स्वास्थ्यकर्मी तथा स्थानीय सहभागीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।
प्रतियोगितामा पुरुषतर्फ अनिल श्रेष्ठ प्रथम, स्यामसन श्रीस द्वितीय तथा सन्जु सिंह बस्नेत तृतीय भएका थिए भने महिलातर्फ बिपना प्रथम, अलिशा खातिन द्वितीय र करुणा तृतीय भएका थिए ।
यसैगरी फ्याकल्टीतर्फ डा. प्रशान्त ठाकुर प्रथम, डा. विशाल द्वितीय तथा डा. आदित्य राज तृतीय भएका थिए भने स्टाफतर्फ सगीर हुसैन प्रथम, सञ्जय द्वितीय र धनञ्जय मण्डल तृतीय भएका थिए ।
बिहान ६:३० बजेबाट सुरु भएको म्याराथन ७:०० बजे औपचारिक रूपमा फ्ल्याग अफ गरिएको थियो । कार्यक्रम नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शहनवाज अन्सारीको अध्यक्षतामा सम्पन्न भएको थियो । प्रमुख अतिथिका रूपमा सशस्त्र प्रहरी बल १३ गणका एस.पी. मोहन बहादुर क्षेत्रीको उपस्थिति रहेको थियो भने विशिष्ट अतिथिका रूपमा बीरगंज आर्मी ब्यारेक प्रमुख लोकेन्द्र कार्की, अतिथि जिल्ला ट्राफिक प्रमुख सहित पर्सा खेलकुद विकास समितिका रेफ्री विशेश्वर पटेलको सहभागिता रहेको थियो ।
कार्यक्रमलाई थप गरिमा प्रदान गर्दै एडमिशन अफेयर्स एण्ड मार्केटिङ डाइरेक्टर अबिद हुसैन अन्सारी, अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी, प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी लगायतको उपस्थिति रहेको थियो । साथै मार्केटिङ, प्रशासन तथा सञ्चारकर्मीहरूको पनि सक्रिय सहभागिता रहेको थियो ।
म्याराथनलाई सुरक्षित तथा व्यवस्थित बनाउन राष्ट्रिय एथलेटिक्स प्रशिक्षक विशेश्वर पटेलद्वारा वार्मअप तथा सुरक्षा निर्देशन प्रदान गरिएको थियो । सहभागीहरूको सुरक्षालाई प्राथमिकता दिँदै एस्कर्ट टोली, ट्राफिक समन्वय तथा एम्बुलेन्स सेवा (चलायमान तथा स्ट्यान्डबाइ) को प्रभावकारी व्यवस्था गरिएको थियो । म्याराथन मार्गका विभिन्न स्थानहरूमा स्थापना गरिएका सहायता केन्द्रहरूबाट सहभागीहरूलाई प्राथमिक उपचार, पानी तथा आवश्यक सहयोग उपलब्ध गराइएको थियो ।

# नेपाल फोटो पत्रकार महासंघको तेश्रो महाधिवेशन सम्पन्न, आगामी कार्यकालका लागि नयाँ कार्यसमिति चयन

**मधेशदृष्टि**
**सौराहा ।**
नेपाल फोटो पत्रकार महासंघको तेस्रो केन्द्रीय महाधिवेशन सौराहामा सम्पन्न भएको छ । देशभरका फोटो पत्रकारहरूको उल्लेखनीय सहभागितामा सम्पन्न महाधिवेशनले नयाँ नेतृत्व चयन गर्दै फोटो पत्रकारिताको सुदृढीकरण, पेशागत हकहित संरक्षण तथा प्रविधिमैत्री अभ्यासलाई प्राथमिकतामा राख्ने महत्वपूर्ण निर्णयहरू गरेको छ ।
महाधिवेशनको उद्घाटन चितवनका सिडियो गणेश अर्यालले गरेका थिए । उद्घाटन मन्तव्यका क्रममा उनले फोटो पत्रकारिता लोकतन्त्रको एक सशक्त स्तम्भ भएको उल्लेख गर्दै फोटो पत्रकारहरूले जोखिमपूर्ण अवस्थामासमेत सत्य र यथार्थ चित्रण गरेर समाजलाई सूचित गराउने महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए । उनले राज्यले फोटो पत्रकारहरूको सुरक्षा, पेशागत सम्मान र क्षमता अभिवृद्धिका लागि ठोस नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।
‘तस्बिरले बोलेको सत्य कहिल्यै ओझेल पर्दैन,’ भन्दै उनले फोटो पत्रकारहरूको योगदानको उच्च मूल्यांकन हुनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा उनले स्वयं क्यामेरा समातेर तस्बिर खिच्दै फोटो पत्रकारिताप्रतिको सम्मान पनि प्रकट गरेका थिए ।
कार्यक्रमका क्रममा फोटो पत्रकारितामा देखिएका चुनौती, डिजिटल प्रविधिको बढ्दो प्रभाव तथा नयाँ पुस्तालाई यस पेशातर्फ आकर्षित गर्ने उपायबारे विभिन्न कार्यपत्र प्रस्तुत गरिएका थिए । प्रविधिसँगै पत्रकारिताको स्वरूप परिवर्तन हुँदै गएको सन्दर्भमा सीप, सृजनशीलता र नैतिकतालाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता औंल्याइएको थियो। साथै, उत्कृष्ट फोटो पत्रकारहरूलाई सम्मान समेत गरिएको थियो ।
महाधिवेशनले आगामी कार्यकालका लागि नयाँ कार्यसमिति चयन गरेको छ । जसअनुसार अध्यक्षमा हरि प्रसाद रेग्मी, वरिष्ठ उपाध्यक्षमा सागर श्रेष्ठ, उपाध्यक्षमा दीपक ज्ञवाली र गजेन्द्र राई निर्वाचित भएका छन् । महासचिवमा भरत ढकाल चयन भएका छन् । सचिवहरूमा बाबुराम भण्डारी, जितलाल श्रेष्ठ, प्रविन बराल, दीपक गुरुङ, राजेश पराजुली, कोमलचन्द्र भगत र विशाल सुनार चयन भएका छन् भने कोषाध्यक्षमा निश्चल शर्मा चापागाईं निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरूमा अमर बानियाँ, राहुल कुमार गुप्ता, दिलिप डल्लाकोटी, विरस बाबु साही, नसिम अन्सारी, श्रवण थापा, महेश आचार्य, सुनील पराजुली र नवीन पाण्डे चयन भएका छन् । महाधिवेशनको समापनसँगै सहभागीहरूले पेशागत एकता अझ मजबुत बनाउँदै फोटो पत्रकारिताको स्तर उकास्ने सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् । नयाँ नेतृत्वले फोटो पत्रकारहरूको अधिकार संरक्षण, क्षमता विकास तथा संस्थागत सुदृढीकरणमा केन्द्रित भएर काम गर्ने जनाएको छ ।

# बेचु यादवको घरमा नगरपालिकाको डोजर

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर ३ पोर्ताहाका बेचु कुसियैत यादवको घरमा नगरपालिकाले डोजर चलाएको छ । अदालतको आदेश विपरित पालिकाले बाटो फराकिलो बनाउने नाउँमा डोजर चलाएको हो । अदालतको आदेश विपरीत नगरपालिकाले जबर्जस्ति घर भत्काएको आरोप लगाउँदै यादवले आफूमाथि अन्याय भएको बताए ।
पहिले देखि नै आफ्नो नीजि जमिनमा बसोबास गर्दै आएको घर मेयर बिरेन्द्र माझीको ठाडो आदेशमा नगरपालिकाले भत्काउँदा आफ्नो परिवार विचल्लीमा परेको उनले दुखेसो पोखे । नगरपालिकाले तीन महिना अघि माघ महिना मै घर भत्काउने प्रयास गर्दा अदालतबाट निषेधाज्ञा भएपछि रोकिएको थियो ।
अदालतको आदेश कार्यान्वयन गराउन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएपछि इलाका प्रहरी कार्यालय कंचनपुरमा पत्राचार गर्दा समेत प्रहरीले चासो नलिएको यादवको आरोप छ । हनुमानगर कंकालनी नगरपालिकाका मेयर बिरेन्द्र माझीले कुसयैतको घर भत्काएको स्वीकार गरे । उनले कानुन अनुसार नै पोर्ताहा – भलुवा सडक अन्तर्गत पर्ने देखिएको हुँदा कुसियैतको घर भत्काइएको दाबी गरे । आफुहरुले पनि अदालतबाटै अनुमति लिएर बाटो फराकिलो पार्न यस्तो कदम चालिएको मेयर माझीले बताए ।

# मधेश प्रदेशलाई पूर्ण साक्षर घोषणा गर्न बजेट निकाशाको माग

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य पुष्पा कुमारी चौधरीले मधेश प्रदेशलाई पूर्ण साक्षर घोषणा गर्न आवश्यक बजेट विनियोजन गर्न सरकारसँग माग गरेकी छिन् ।
संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेललाई पत्रमार्फत मधेश प्रदेश अझै पूर्ण साक्षर घोषणा हुन नसकेकोप्रति ध्यानाकर्षण गराउँदै बजेट विनियोजन गर्न माग गरेकी हुन् । पत्रमा नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले सो अधिकार कार्यान्वयनका लागि कानुनी आधार प्रदान गरेको उल्लेख गरेकी छिन् ।
हालसम्म देशका ६ वटा प्रदेश पूर्ण साक्षर घोषणा भइसके पनि मधेश प्रदेश अझै उक्त सूचीमा समावेश हुन नसकेको जनाउँदै सांसद चौधरीले पूर्ण साक्षर घोषणा सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गर्न सरकारसँग आग्रह गरेकी छिन् ।

# कारको ठक्करबाट साइकलयात्री गम्भीर घाइते

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा कारले साइकल यात्रीलाई ठक्कर दिँदा एक युवक गम्भीर घाइते भएका छन् । धनगढीमाई नगरपालिका–१० आमचौकमा भएको दुर्घटनामा धनगढीमाई नगरपालिका–११ का करिब २५ वर्षीय रविन सदाय घाइते भएका हुन् ।
पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश ३–०१–०२४ च ७५२७ नम्बरको कारले साइकलमा सवार सदायलाई ठक्कर दिएको हो ।
दुर्घटनापछि गम्भीर अवस्थामा रहेका उनलाई तत्काल स्थानीय आर.के. मेडिसिटीमा उपचारका लागि लगिएको थियो । तर त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगर रिफर गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानका प्रमुख सालिकराम तिमिल्सिनाले जानकारी दिएका छन् ।
प्रहरीका अनुसार सदायको टाउको, हात र खुट्टामा गम्भीर चोट लागेको छ । कार चालक सुनसरीको इटहरी उपमहानगरपालिका–१७ का करिब २६ वर्षीय आकाश चौधरी रहेका छन् । उनलाई प्रहरीले नियन्त्रणमा राखेको छ ।

# सरकारी कार्यालयमा विचौलिया निषेध

**रौतहट ।**
सरकारी कार्यालयमा सेवाग्राहीलाई बिभिन्न बहानामा दुःख दिने पाँच जनालाई प्रहरीले शुक्रबार पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा यमुनमाई गाउँपालिका–२ का सिकित नारायण, राजदेवी नगरपालिका–७ का बब्लुप्रसाद यादव, सोही ठाउँका श्याम बिहारी यादव, परोहा नगरपालिक–७ का रामनरेशप्रसाद पटेल र गौर नपालिका–८ का राजेन्द्र राउत बरै रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सिताराम रिजालले जानकारी दिए ।
प्रहरीले गौर नगरपालिका–४ स्थित बसपार्क, वडा नं ३ स्थित जिल्ला अदालत, वडा नं ५ स्थित मालपोत कार्यालयलगायतका स्थानबाट ती व्यक्तिलाई पक्राउ गरेको प्रहरी उपरीक्षक रिजालले बताए ।
सरकारी कार्यालयमा सेवाग्राहीलाई विभिन्न काम छिटो गरिदिने भनि अनावश्यक झनझट दिने, तान्ने हैरानी गर्ने, सेवाग्राहीका कागजात बोकी विभिन्न फाँटमा जाने र सोवापत अनुचित लाभ लिनेलगायतका कार्य गरेको भेटेपछि उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको उहाँले जानकारी दिए । रासस

# उमेश कुशवाहाको सुझावः मधेशमा कलेज र प्राविधिक शिक्षामा जोड





**मधेशदृष्टि**
**वीरगंज ।**
बालेन्द्र शाह समक्ष मधेश प्रदेशमा शिक्षा क्षेत्र सुधारका लागि आम जनता पार्टीका प्रदेश अध्यक्ष उमेश कुशवाहा ले चार बुँदे महत्वपूर्ण सुझाव प्रस्तुत गरेका छन् ।
कुशवाहाले मधेशमा उच्च शिक्षाको पहुँच अझ विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै बारा, रौतहट, महोत्तरी र सर्लाही जिल्लामा कम्तीमा एक–एक वटा आङ्गिक कलेज स्थापना गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् ।
उनका अनुसार यस्ता संस्थाले स्थानीय विद्यार्थीलाई घर नजिकै उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्नेछन् । त्यसैगरी, स्वास्थ्य र प्राविधिक शिक्षाको विकासलाई प्राथमिकतामा राख्दै मेडिकल कलेज तथा अन्य प्राविधिक शिक्षण संस्थाहरूको स्थापना र सञ्चालनमा राज्यले विशेष ध्यान दिनुपर्ने उनले सुझाएका छन् ।
कुशवाहाले विद्यालय तहमा देखिएको शिक्षक अभावको समस्या समाधानतर्फ पनि ध्यानाकर्षण गराएका छन् । विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्नुका साथै माध्यमिक तहमा विषयगत तथा तहगत शिक्षकको व्यवस्था गर्नुपर्ने आवश्यकता उनले औंल्याएका छन् ।
मधेश प्रदेशको शैक्षिक गुणस्तर सुधार गर्दै सबै वर्गका विद्यार्थीलाई समान अवसर सुनिश्चित गर्न यी प्रस्तावहरू शीघ्र कार्यान्वयनमा लैजानुपर्नेमा उनले जोड दिएका छन् ।

# सिरहामा एसईई परीक्षमा कडाइः १९४ मोबाइल र स्मार्ट वाच बरामद, ६ जना निष्कासित

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसईई) को दोस्रो दिन नेपाली विषयको परीक्षा सञ्चालन भइरहेका बेला प्रशासनले कडा अनुगमन गर्दै परीक्षा अनुशासनमा सख्ती देखाएको छ ।
शुक्रबार गरिएको निगरानीका क्रममा जिल्लाका ९ वटा परीक्षा केन्द्रबाट १९४ थान मोबाइल फोन र २ वटा स्मार्ट वाच बरामद गरिएको शिक्षा विकास तथा समन्वय इकाईले जानकारी दिएको छ ।
परीक्षा मर्यादा उल्लंघन भएको पुष्टि भएपछि मोबाइलसहित पक्राउ परेका २ जना केन्द्राध्यक्ष र ४ जना निरीक्षकलाई तत्काल निष्कासन गरिएको छ । निष्कासित हुनेमा बालमन्दिर माध्यमिक विद्यालयका केन्द्राध्यक्ष संजय यादव तथा जनता माध्यमिक विद्यालय फुलबरियाका केन्द्राध्यक्ष रामकिशोर यादव रहेका छन् ।
इकाइ प्रमुख दीपक राज कनौलीका अनुसार सुरेन्द्र पौडेलको नेतृत्वमा खटिएको अनुगमन टोलीले परीक्षा अमर्यादित बनाउन खोजिएको गतिविधि देखेपछि तुरुन्त कारबाही अघि बढाएको हो ।
विगतमा सिरहाका परीक्षा केन्द्रहरूमा सेटिङ, प्रभाव र बिचौलियाको चलखेल देखिँदै आएको पृष्ठभूमिमा यस वर्ष त्यस्ता प्रवृत्ति दोहोरिन नदिन निगरानीलाई थप कडा बनाइएको उनले बताए । यस वर्ष सिरहा जिल्लाबाट कुल ११ हजार ३७ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका छन् । तीमध्ये १० हजार ६२५ जना साधारण धार र ४१२ जना प्राविधिक धारका विद्यार्थी रहेका छन् । सहभागीमध्ये ५ हजार ३०८ छात्रा र ५ हजार ७२९ छात्र छन् । जिल्लाभर ५१ वटा परीक्षा केन्द्र तोकिएका छन् ।
राष्ट्रिय परीक्षा बोर्डका अनुसार एसईई परीक्षा चैत १९ देखि २९ गतेसम्म हरेक दिन बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन भइरहेको छ ।



सम्पादकीय

# सुशासनको संकेत: फेवाताल अतिक्रमण र सरकारी अभियान

हालै पोखराको फेवाताल किनारमा सरकारी सञ्जालले चलाएको अतिक्रमण हटाउने अभियानले देशव्यापी चर्चा पाएको छ । विशेषगरी, पर्यटन व्यवसायी कर्ण शाक्यको होटल वाटर फ्रन्ट लगायतका संरचनामाथि डोजर चलाइएपछि यो विषय थप मुखरित भएको छ । लामो समयदेखि राजनीतिक संरक्षण र कानूनी जटिलताका कारण ओझेलमा परेको फेवाताल अतिक्रमणको मुद्दामा सरकारले चालेको यो कदमलाई धेरैले सुशासनको प्रारम्भिक संकेतका रूपमा हेरेका छन् । तर, के यो अभियान साँच्चै सुशासनको दिगो मार्ग हो वा क्षणिक लोकप्रियताका लागि चालिएको कदम मात्र हो भन्ने प्रश्न अनुत्तरित नै छ।

फेवाताल अतिक्रमणको समस्या दशकौँदेखि नेपालको वातावरणीय र कानूनी शासनको लागि चुनौती बन्दै आएको छ । सर्वोच्च अदालतले पटकपटक फेवातालको मापदण्डभित्र बनेका अवैध संरचना भत्काउन र तालको जग्गा फिर्ता गर्न सरकारका नाममा आदेश दिएको थियो । तर, ती आदेशहरू कार्यान्वयनमा आउन सकेका थिएनन् । तालको सौन्दर्य र पारिस्थितिक प्रणालीमाथि भइरहेको निरन्तरको प्रहारले यसको अस्तित्व नै संकटमा पार्दै लगेको थियो । यसले कानूनको शासनको उपहास मात्र गरेको थिएन, सार्वजनिक सम्पत्तिमाथि निजी स्वार्थ हावी भएको कटु यथार्थलाई पनि उजागर गरेको थियो।

यसपटकको अभियानमा सरकारले देखाएको सक्रियता प्रशंसनीय छ । कर्ण शाक्यजस्ता प्रभावशाली व्यक्तिको होटलमाथि कारबाही हुनुले ‘ठूलालाई चैन, सानालाई ऐन’ भन्ने पुरानो उखानलाई चिर्ने प्रयास भएको देखिन्छ । यसले आम नागरिकमा कानून सबैका लागि समान हो भन्ने विश्वास जगाउन मद्दत पुर्‍याएको छ । यद्यपि, यो अभियानको सुरुवातमा केही स्थानीय विरोध प्रदर्शनहरू पनि भएका छन्, जसले विस्थापित हुनेहरूको उचित व्यवस्थापन र क्षतिपूर्तिको विषयलाई पनि उत्तिकै महत्वका साथ उठाउनुपर्ने आवश्यकता औंल्याउँछ।

तर, सुशासनको लागि यस्ता अभियानहरू केवल क्षणिक उत्तेजनामा सीमित हुनुहुँदैन । विगतमा पनि यस्ता अभियानहरू सुरु भएर बीचमै सेलाएका उदाहरणहरू छन्।

सुशासनको वास्तविक मापदण्ड भनेको कानूनको निष्पक्ष र निरन्तर कार्यान्वयन हो । यसका लागि सरकारले अतिक्रमण हटाउने मात्र नभई, भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्पष्ट नीति, पारदर्शी प्रक्रिया र जवाफदेही संयन्त्रको विकास गर्नुपर्छ । साथै, राजनीतिक हस्तक्षेपमुक्त प्रशासन र भ्रष्टाचारमुक्त वातावरण निर्माणमा पनि उत्तिकै ध्यान दिनुपर्छ।

अन्ततः, फेवाताल अतिक्रमण विरुद्धको यो अभियान सुशासनको दिशामा एउटा महत्वपूर्ण कदम हुन सक्छ, यदि यसलाई दिगो र निष्पक्ष रूपमा अगाडि बढाइयो भने । सरकारले यसलाई एउटा उदाहरणका रूपमा स्थापित गर्दै देशभरका अन्य सार्वजनिक जग्गा अतिक्रमणका मुद्दाहरूमा पनि समान सक्रियता देखाउनुपर्छ । केवल डोजर चलाएर मात्र होइन, कानूनको सर्वोच्चता स्थापित गरेर, नागरिकको विश्वास जितेर र पारदर्शी शासन प्रणाली अपनाएर मात्र वास्तविक सुशासन कायम गर्न सकिन्छ।

# नर्सरीमा नयाँ पुस्ता, वार्षिक करोडौँको कारोबार

*प्रगति ढकाल/रासस*

मानिसको जीवनको यात्राले कहिलेकाहीँ यस्तो मोड ल्याउँछ, जहाँ बाटो टुङ्गिएकोजस्तो लाग्छ । सपना अधुरै रोकिन्छन् । भविष्य अँध्यारो लाग्ला । तर, त्यही अँध्यारोभित्र उज्यालो पनि हुन्छ, जसलाई देख्ने आँट गर्नुपर्छ । शिशिर दाहालको कथा त्यही उज्यालो खोज्ने साहसको कथा हो।

सिन्धुलीमा जन्मिनुभएका शिशिर अहिले भक्तपुरको दधिकोटमा आफ्नो जीवनका सपनालाई पछ्याइरहनुभएको छ । २५ वर्षको उमेरमै उहाँले जीवनका उकाली–ओराली नजिकबाट भोगिसक्नुभयो । विसं २०७८ शिशिरका लागि जीवनको एउटा कठोर मोड बन्यो । उहाँ दुर्घटनामा पर्नुभयो । मेरुदण्डमा चोट लागेपछि शारीरिक रूपमा अपाङ्गता बन्नुभयो । अहिले शिशिर हुइलचियरको साहाराले बाँचिरहनुभएको छ । शरीरले साथ दिन छोडेपछि मन पनि कहिलेकाहीँ थाक्थ्यो।

**‘अब के गर्ने ?’**

यी प्रश्नहरू उहाँको मनभित्र उभिरहन्थे घरिघरि । वरपरका मानिसहरूका शब्दहरू पनि कम पीडादायी थिएनन् । कसैले सहानुभूति देखाउँथे, कसैले निराशा । ‘अब त जीवन जिउन गाह्रो हुन्छ,’ भन्ने आवाजहरू बारम्बार कानमा पर्थे शिशिरका । ती शब्दहरू कहिलेकाहीँ घाउभन्दा पनि गहिरो लाग्थे शिशिरलाई।

दुर्घटनाले शरीर कमजोर बनायो शिशिरको तर सपनालाई भने बलियो बनायो । र त आज शिशिर दाहाल आफ्नै मेहनतले उभिनुभएको छ, अरूका लागि प्रेरणा बनेर। ‘के म यही अवस्थालाई नियति मानेर बस्ने कि फेरि केही गरेर उठ्ने ?’ भन्ने लाग्यो शिशिरलाई । त्यही प्रश्नले उहाँको जीवनको दिशा बदल्यो । अनि बन्नुभयो, नर्सरी व्यवसायी । परिवारकै पहिलो नर्सरी व्यवसायी बन्ने उहाँको सपना सामान्य थिएन । तर त्यो सपना पछाडि उहाँको आत्मनिर्भर बन्ने चाहना थियो।

कृषि विषय अध्ययन गर्नुभएका उहाँले दुई वर्षसम्म किसानलाई तालिम दिनुभयो । अरूलाई उत्पादन सिकाउने, आत्मनिर्भर बन्न प्रेरित गर्ने उहाँको कामले उहाँलाई सन्तुष्टि दिन्थ्यो।

दुर्घटनापछि अरूकोमा गएर काम गर्न गाह्रो थियो । ‘आफ्नै केही गरौँ’ भन्ने सोच उहाँको मनमा आयो । आफू आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने अठोटले विसं २०७९ देखि शिशिरले नर्सरी व्यवसाय सुरु गर्नुभयो । सुरुआत सजिलो थिएन । शरीरले सधैँ साथ दिँदैनथ्यो । स्रोतसाधन सीमित थिए, र नीतिगत झन्झटहरू आफ्नै ठाउँमा थिए । तर, उहाँले हार मान्नुभएन । माटोसँग खेल्दै, हरियाली बिरुवासँग रमाउँदै शिशिरले आफैंलाई पुनः उभ्याउनुभयो । उहाँको नर्सरीमा फुल्ने हरेक बिरुवाले व्यवसाय मात्रै नभएर शिशिरको सङ्घर्षको कथा बोकेको छ । अहिले उहाँले त्यसबाट राम्रो आम्दानी गरिरहनुभएको छ । शिशिर भन्नुहुन्छ, ‘मेहेनत गरे विदेश जानै पर्दैन । नेपालमै भविष्य छ । गाह्रो त छ, तर गर्न सकिन्छ । नीतिगत रूपमा केही चुनौती छन्, तर यदि दृढ भएर लागियो भने भोलिको दिन पक्कै राम्रो हुनेछ ।’

भृकुटीमण्डवमा चलिरहेको तेस्रो हर्टिकल्चर मेलामा भेटिनुभएका शिशिरको आवाजमा आत्मविश्वास झल्किन्छ । विश्वास, धैर्य र मानिसको साहसले मान्छे पनि कठिनाइ चिरेर अघि बढ्न सक्छ भन्ने उदाहरण दिनुभएको शिशिरले।

कीर्तिपुरको शान्त वातावरणमा फैलिएको हरियालीबीच, बुढाथोकी नर्सरीमा बोटबिरुवाका दिनहुँ नयाँ जीवन अंकुराइरहेको छ । यही हरियालीसँगै आफ्नै पहिचान बनाउँदै हुनुहुन्छ, सुरसा ओझाले पनि । उहाँका लागि यो व्यवसाय रोजगारीको माध्यम मात्रै नभएर पुस्तान्तरण हुँदै आएको एउटा सपनासमेत हो।

फूल र बिरुवाप्रतिको मोहले उहाँका हजुरबाले सुरु गरेको नर्सरी व्यवसाय अहिले परिवारको पहिचान बनेको छ । ‘सुरुमा त हजुरबाले गर्नुभएको हो, म त पछिल्ला चार वर्षदेखि यसमा लागेको हुँ,’ उहाँ भन्नुहुन्छ।

सुरसाका लागि यो यात्रा त्यति सहज भने भएन । नेपाली समाजमा अझै पनि हर्टिकल्चर (उद्यान) व्यवसायलाई सम्मानित पेशाका रूपमा हेर्ने चलन बलियो नहुँदा पढेलेखेर अन्य जाागिर पो खानुपर्छ, यस्तो कृषिजन्य पेसामा लाग्ने हो र भन्ने समाजको प्रश्नलाई बेवस्ता गर्दै अगाडि बढिरहनुभएको छ, उहाँ।

‘यो क्षेत्रमा इज्जत कम हुन्छ, कहिलेकाहीँ हेपिएकोजस्तो पनि महसुस हुन्छ,’ सुरसा खुलेर सुनाउनुहुन्छ । यद्यपि, उहाँको दृष्टिकोण फरक छ । चुनौतीलाई कमजोरी होइन, अवसरका रूपमा हेर्ने सुरसाको सोचले नै उहाँलाई अगाडि बढाएको छ । ‘मलाई लाग्छ, हामीले नै यस्तो सोच परिवर्तन गर्नुपर्छ,’ उहाँ दृढताका साथ भन्नुहुन्छ।

नर्सरीमा फूलका बिरुवा, फलफूलका स्याउला, सजावटी बोटबिरुवादेखि लिएर दुर्लभ प्रजातिसम्म पाइन्छन् । उहाँका अनुसार, अहिले विस्तारै युवाहरू पनि यस क्षेत्रमा आकर्षित हुन थालेका छन् । सहरको बढ्दो हरियालीप्रतिको चासो, घरमै बगैँचा बनाउने चलन र वातावरणीय सचेतनाले हर्टिकल्चर व्यवसायको सम्भावना बढाएको छ । सुरसाले नर्सरीलाई व्यापारका रूपमा मात्र लिनुभएको छैन । वातावरण संरक्षणसँग जोडिएको अभियानका रूपमा पनि लिनुभएको छ । ‘एउटा बिरुवा रोप्नु भनेको स्वच्छ वातावरणको भविष्य रोप्नुजस्तै हो,’ सुरसाको विश्वास छ।

सामाजिक दृष्टिकोण बदल्नुपर्ने चुनौती अझै बाँकी भए पनि सुरसाजस्ता युवाको पहलले विस्तारै परिवर्तनको सङ्केत देखिँदैछ । हजुरबाबाट सुरु भएको हरियालीको यात्रा अहिले नयाँ पुस्ताको आत्मविश्वाससँग जोडिएको छः जहाँ मेहनत छ, सपना छ र सोच बदल्ने दृढ अठोट पनि।

ललितपुरका दीपेन्द्र तुलाधार स्वदेशमै सम्भावना खोज्ने अर्का उदाहरणीय उद्यमी हुनुहुन्छ । पहिले विज्ञापन एजेन्सी सञ्चालन गर्दै आउनुभएका उहाँको व्यवसाय कोरोना महामारीसँगै प्रभावित भयो । लकडाउनले बजार ठप्प बनेपछि विज्ञापन क्षेत्र मात्र होइन, धेरै उद्योगहरू धराशायी बने, जसको प्रत्यक्ष असर उहाँको व्यवसायमा पनि पर्‍यो । परिस्थिति बिग्रँदै जाँदा परिवार र आफन्तले विदेश जाने सुझाव दिन थाले । भाइहरू विदेशमै रहे पनि उहाँलाई भने विदेशिनु मात्र विकल्प जस्तो लागेन । विदेशमा पनि सजिलो कहाँ छ र भन्ने सोचले तुलाधारलाई स्वदेशमै केही नयाँ गर्ने दिशातर्फ डोर्‍यायो।

त्यही क्रममा उहाँले नर्सरी व्यवसाय रोज्नुभयो । आज उहाँ यही क्षेत्रमा स्थापित हुनुभएको छ । ‘अहिले माकिस ४५ लाखसम्म कमाइ भएको छ,’ उहाँ भन्नुहुन्छ, ‘मेहेनत गरेमा हर्टिकल्चर व्यवसाय राम्रो छ ।’ भृकुटीमण्डपमा जारी पुष्प प्रदर्शनीमा भेटिएका तुलाधार ग्राहकलाई फूल तथा नर्सरीका बिरुवा बिक्रीमै व्यस्त हुनुहुन्थ्यो । व्यापारसँगै उहाँले ग्राहकलाई बिरुवाको स्याहार–सम्भारसम्बन्धी सीप पनि सिकाइरहनुभएको थियो–कुन बिरुवालाई कति पानी चाहिन्छ, कुन भित्र वा बाहिर राख्नुपर्छ भन्ने जानकारी दिन उहाँ विशेष ध्यान दिनुहुन्छ।

‘हामीले बिक्री त गर्छौं, तर किनेको बिरुवा राम्रोसँग नहुर्किएर मर्छ कि भन्ने चिन्ता पनि हुन्छ,’ उहाँ भन्नुहुन्छ, ‘त्यसैले ग्राहकलाई नै राम्रोसँग हेरचाह गर्न सिकाउँछौं ।”

ग्राहकलाई सहज बनाउन उहाँले नर्सरीसँग सम्बन्धित सबै सामग्री एकै ठाउँमा उपलब्ध गराउने अभ्यास पनि सुरु गर्नुभएको छ । पहिले बिरुवा, गमला र अन्य सामग्रीका लागि फरक–फरक ठाउँ धाउनुपर्ने बाध्यता थियो, तर अहिले एकै छानामुनि सबै पाइने व्यवस्था उहाँले मिलाउनुभएको छ।

तुलाधारले होटल, रेष्टुराँ, अफिस, अपार्टमेन्टदेखि घरसम्म गमला र सजावटी बिरुवाको प्रयोग अनिवार्यजस्तै बनेको छ । मानिसको जीवनशैली बदलिँदै जाँदा हरियाली र सौन्दर्यप्रतिको आकर्षण पनि बढ्दो छ।

‘पहिले बुकी दिने चलन थियो, अहिले गमलामा बिरुवा दिने प्रचलन बढेको छ,’ उहाँ भन्नुहुन्छ । लामो समय टिक्ने भएकाले पनि मानिसहरू अब फूलको बुकीभन्दा हरियो बिरुवातर्फ आकर्षित हुँदै गएको तुलाधारको अनुभव छ।

बिहानको पूजा, घर सजावटदेखि विवाह र व्रतबन्धसम्म फूल र बिरुवाको प्रयोग बढ्दै जाँदा नर्सरी व्यवसायको भविष्य अझ उज्यालो देखिएको उहाँको विश्वास छ । दीपेन्द्र तुलाधारको यो यात्रा सङ्कटबाट सुरु भएर सम्भावनासम्म पुगेको स्वदेशमै सफलताको प्रेरक कथा बनेको छ।

काठमाडौँको साँखुमा उत्पादन केन्द्र रहेको दिवा नर्सरीले पनि अहिले स्थानीय बजारमा राम्रो पहिचान बनाउँदै गएको छ । त्यही व्यवसायलाई अगाडि बढाइरहनुभएको छ आकाश सापकोटाले । बौद्ध र गोठाटार क्षेत्रलाई बिक्री केन्द्र बनाएर उहाँले नर्सरीका बिरुवा बजारसम्म पुर्‍याउँदै आउनुभएको छ।

दाइको व्यवसाय हेर्दै हुर्किनुभएका आकाशले सुरुमा यही क्षेत्रलाई अवलोकन र सिकाइको रूपमा लिनुभयो । विस्तारै अनुभव बढ्दै जाँदा उहाँ आफैँ सक्रिय रूपमा यसै व्यवसायमा जोडिनुभयो । ‘दाइको व्यवसाय हेर्दै सिक्दै लागेँ,’ उहाँ भन्नुहुन्छ । सापकोटाका अनुसार दिवा नर्सरीबाट मासिक करिब पाँच लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । जसले यो व्यवसायलाई अझ आकर्षक बनाएको छ । सहरको विस्तार, घर–अपार्टमेन्टको बढ्दो संख्या र हरियालीप्रतिको रुचिले नर्सरी व्यवसायलाई राम्रो बजार दिएको उहाँको अनुभव छ।

मोरङका अरुण विष्ट उमेरले २२ वर्ष पुग्नुभयो । उहाँको सोच अरुहरू धेरै युवाको भन्दा फरक छ । उमेरसँगै विदेश जाने सपना बोकेर हिँड्ने धेरै युवाबीच अरुण भने स्वदेशमा नै पुष्प व्यवसायमा भविष्य खोजिरहनुभएको छ । दाइले सञ्चालन गर्दै आउनुभएको नर्सरी व्यवसाय, विशेषगरी आएको काम, उहाँका लागि प्रेरणा र अवसर दुवै बनेको छ।

सानैदेखि बोटबिरुवा, फूल र हरियालीसँग नजिक रहेका अरुण अहिले पुष्पखेतीतर्फ गहिरो रुचि राख्नुहुन्छ । ‘विदेश जाने सोच छैन, यही व्यवसायमा लाग्छु,’ अरुण भन्नुहुन्छ । नर्सरीको वातावरणमै हुर्किएको अनुभवले अरुणलाई यो क्षेत्र सम्भावनाको संसारजस्तो लाग्छ । बजारको माग, फूलको व्यापार र सजावटी बोटबिरुवाको बढ्दो आकर्षणले नेपालमै राम्रो भविष्य देखिने उहाँको बुझाइ छ।

‘गरे नेपालमै केही हुँदैन भन्ने होइन, यहाँ पनि धेरै सम्भावना छ,’ अरुणको विश्वास छ । उहाँ अहिले क्रमशः पुष्पखेतीतर्फ आफूलाई तयार गर्दै हुनुहुन्छ । विदेशिने लहरबीच अरुणजस्ता युवाको सोचले हर्टिकल्चर क्षेत्रमा नयाँ आशा जगाइरहेको छ । आफ्नो माटोमै केही गर्न सकिन्छ भन्ने विश्वासले नै अरुणजस्ता युवाहरूलाई अगाडि बढ्ने हिम्मत जुटाएको छ।

उहाँहरू त केही उदाहरणका पात्र मात्रै हुनुभयो । नर्सरी व्यवसायमा लाग्ने अन्य थुप्रै व्यक्तिहरू हुनुहुन्छ, जसले यही व्यवसायमा भविष्य देख्नुभएको छ । सुनौलो भविष्य देखेरै होला केहीले अन्य पेसा छोडेर पनि यही पेसामा आबद्ध भएका छन् । नर्सरीमा फूल तथा अन्य बिरुवाको मोह बढेसँगै यस व्यवसायमा लाग्नेहरू उत्साहित देखिन्छन्।

कृषि क्षेत्रबाट मुलुकको आर्थिक अवस्था सुदृढ गर्न नर्सरी तथा पुष्पखेतीको प्रवद्र्धनमा जोड दिन आवश्यक रहेको पुष्प विकास केन्द्र गोदावरीका प्रमुख रवीन्द्र थापाले बताउनुभयो । उहाँका अनुसार नेपालमा वार्षिक रूपमा करिब साढे तीन अर्ब रूपैयाँ बराबरको पुष्प तथा आलङ्कारिक वस्तु आयात हुने गरेको छ, जसलाई घटाउँदै स्वदेशी उत्पादनमार्फत प्रतिस्थापन गर्न सकिने सम्भावना प्रशस्त रहेको छ । ‘हामी वार्षिक रूपमा करिब रु साढे तीन अर्बको पुष्प र आलङ्कारिक वस्तु आयात गरिरहेका छौँ । त्यसलाई प्रतिस्थापन गर्न स्वदेशमै उत्पादन बढाउने गरी हामी लागिरहेका छौँ,’ उहाँले भन्नुभयो।

थापाका अनुसार पुष्प क्षेत्र केवल सौन्दर्यसँग मात्र सीमित छैन, यसले रोजगारी, उद्यमशीलता र ग्रामीण अर्थतन्त्रलाई समेत बलियो बनाउन सक्छ । नर्सरी र फूल उत्पादन विस्तार भएमा युवाका लागि स्वदेशमै राम्रो आयआर्जनको अवसर सिर्जना हुने उहाँको विश्वास छ।

नर्सरी क्षेत्रमा ११ अर्बभन्दा बढीको लगानी

नर्सरी व्यवसायी सङ्घ नेपालका अनुसारका अनुसार नर्सरी क्षेत्रमा ११ दशमलव ८३ अर्बको लगानी रहेको छ । तीन हजार ९ सय भन्दा बढी नर्सरी व्यवसयीहरू रहेको सङ्घको तथ्याङ्कमा उल्लेख छ । पुष्प, फलफूल, कृषि वन तथा जडीबुटी गरी विभिन्न उपक्षेत्रमा फैलिएको नर्सरी व्यवसायले वार्षिक करिब ६.४३ अर्ब रूपैयाँ बराबरको कारोबार गरिरहेको तथ्याङ्क सार्वजनिक गरिएको छ । विवरणअनुसार पुष्प नर्सरीतर्फ ७ सय ५१ वटा व्यवसायी रहेका छन् । करिब ११.२७ करोड उत्पादन हुने गरेको छ । वार्षिक २.३० अर्ब रूपैयाँ पुष्प व्यवसायबाट उत्पादन हुने गरेको छ।

करिब ५ सय ५० फलफूलको व्यवसायबाट वार्षिक एक दशमलव ६५ अर्ब रूपैयाँ आम्दानी हुने गरेको छ । त्यस्तै कृषि वन नर्सरीतर्फ सबैभन्दा धेरै दुई हजार २ सय व्यवसायी सक्रिय रहेका छन् । यस क्षेत्रबाट शून्य दशमलव ८८ अर्बको कारोबार हुँदै आएको छ । जडीबुटी नर्सरीतर्फ ४ सय व्यवसायी संलग्न रहेको र वार्षिक एक दशमलव ६० अर्ब रूपैयाँ आम्दानी हुने गरेको छ।

नर्सरी व्यवसायमार्फत एक लाख २० हजार नागरिकले रोजगारी तथा आयआर्जनको अवसर पाइरहेका छन् । सङ्घका अध्यक्ष रामजी प्रसाद तिमल्सेनाले नर्सरी व्यवसायलाई देशव्यापी रूपमा विस्तार गर्नुपर्नेमा जोड दिँदै यसको सम्भावनाको अध्ययन र प्रवद्र्धनका लागि आवश्यक बजेट व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो।

सरकारी नीति, प्रविधि हस्तान्तरण, गुणस्तरीय बीउ–बिजनको उपलब्धता र बजार विस्तारलाई प्राथमिकतामा राखेर दीर्घकालीन विकास रणनीति आवश्यक रहेकामा उहाँको जोड रहेको छ।

नर्सरी व्यवसायको प्रवद्र्धन, कृषि उद्यमशीलताको विकास तथा रोजगारी सिर्जनालाई लक्षित गर्दै भृकुटीमण्डपमा बिहीबारदेखि सञ्चालन भइरहेको तेस्रो नेशनल हर्टिकल्चर एक्स्पो सोमबारसम्म चल्ने छ।

# एमालेको पुनर्जीवनका लागि संक्रमणकालीन नेतृत्वमार्फत विशेष अधिवेशन

*–आनन्दप्रसाद पोखरेल*

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास, प्रभाव र जनआधारसँग गहिरो रूपमा जोडिएको नेकपा एमाले आज एक महत्वपूर्ण मोडमा उभिएको छ । निर्वाचन परिणाम, आन्तरिक मतभेद र नेतृत्वप्रतिको बढ्दो असन्तुष्टिले पार्टीको धरातलीय यथार्थलाई नयाँ ढंगले मूल्याङ्कन गर्न बाध्य बनाएको छ।

यस्तो अवस्थामा एमालेभित्र हुने सुधार, आत्मालोचना र पुनर्गठनको प्रक्रिया केवल एउटा पार्टीको आन्तरिक विषय मात्र होइन, समग्र नेपाली कम्युनिष्ट आन्दोलनको भविष्यसँग पनि प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो।

यदि एमालेले आफ्नो मूल विचार, जनआधार र राजनीतिक संस्कारलाई पुनः सुदृढ गर्दै नयाँ ऊर्जा प्राप्त गर्न सक्छ भने त्यसले कम्युनिष्ट आन्दोलनलाई पुनः जीवन्त बनाउने सम्भावना रहन्छ । अन्यथा आन्तरिक कमजोरी र विभाजनले यो आन्दोलनलाई अझ कमजोर बनाउने जोखिम पनि उत्तिकै रहेको छ।

यो अवस्थामा नेतृत्व परिवर्तनबारेको बहस भिजन सहितको फ्रेस नेताहरूबाट अगाडि बढाउन आवश्यक छ । कसैको स्वार्थका लागि कसैलाई देवत्वकरण गर्ने र कसैलाई दानवीकरण गर्दै आन्तरिक विभाजनलाई मलजल गर्ने प्रवृत्तिले पार्टीलाई एकताबद्ध बनाउने सक्दैन । यसले झन् कमजोर बनाउने खतरा बढाउँछ।यसबाट सजग हुँदै सहमतिमा पार्टी पुनर्गठनको कार्यभार पुरा गर्नुपर्छ।

**निर्वाचनपछिको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति**

रास्वपाले निर्वाचनमा दुईतिहाई सिट जितेपछि राजनीतिक समीकरण, शासनको स्थायित्व र नीति र भावी दिशाबारे नयाँ बहस सुरु भएको छ । राष्ट्रियस्तरमा जनताको अपेक्षा सुशासन, आर्थिक पुनरुत्थान र स्थिर नेतृत्वतर्फ केन्द्रित भइरहेका छ । रास्वपाको जितले मुलुक ध्रुवीकरण हुँदैछ।

अन्तर्राष्ट्रिय रूपमा नेपालमाथि छिमेकी तथा विश्व शक्तिहरूको चासो बढेको देखिन्छ । अमेरिकाले नयाँ शक्तिसँग सुरक्षा सहकार्यको माग गरेको परिवेशमा नेकपा एमाले जस्तो माक्र्सवाद र जबजलाई आत्मा साथ गरेको शक्तिले आफ्नो भूमिका स्पष्ट र जिम्मेवार ढंगले निर्वाह गर्नु आवश्यक छ।

विचारप्रतिको निष्ठा, सरलता, स्वच्छता, जनताप्रति उत्तरदायित्व, संस्कार र उच्च नैतिकतामा आधारित राजनीतिक व्यवहार नै एमालेको पहिचान रहँदै आएको थियो । पछिल्लो समय यही चरित्र कमजोर हुँदै गएको अनुभूति कार्यकर्ता र समर्थकमाझ व्यापक छ।

निर्वाचन परिणामले दिएको सन्देशलाई आत्मसात गर्दै संगठन, विचार र नेतृत्वमा आवश्यक सुधार गर्न सके एमाले पुनः प्रभावशाली राष्ट्रिय शक्तिका रूपमा स्थापित हुन सक्छ । अन्यथा बदलिँदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा आफूलाई सशक्त रूपमा प्रस्तुत गर्न नसक्ने जोखिम पनि उत्तिकै रहनेछ।कम्युनिष्ट आन्दोलनको भविष्य समाप्त हुनसक्छ।

निर्वाचनपछि एमाले

निर्वाचन परिणामपछि नेकपा एमालेभित्र देखिएको अवस्था हेरेर ईमान्दार नेता तथा कार्यकर्ता मौन बसिरहनु सम्भव छैन । प्राप्त जनमतले पार्टीलाई स्पष्ट सन्देश दिएको छ । अब सुधार, आत्मालोचना र पुनर्गठन अपरिहार्य भइसकेको छ।

यो अवस्थामा नेतृत्व परिवर्तनबारेको बहस भिजन सहितको फ्रेस नेताहरूबाट अगाडि बढाउन आवश्यक छ । कसैको स्वार्थका लागि कसैलाई देवत्वकरण गर्ने र कसैलाई दानवीकरण गर्दै आन्तरिक विभाजनलाई मलजल गर्ने प्रवृत्तिले पार्टीलाई एकताबद्ध बनाउने सक्दैन । यसले झन् कमजोर बनाउने खतरा बढाउँछ।यसबाट सजग हुँदै सहमतिमा पार्टी पुनर्गठनको कार्यभार पुरा गर्नुपर्छ।

पराजयको पीडा र भविष्यको आशा

एमालेलाई आजको पराजयको पीडाबाट मुक्त गर्दै भविष्यप्रति आशावादी बनाउने उद्देश्य राखेर पार्टी कामलाई अगाडि बढाउनु पर्छ ।यसको लागि पार्टीले आफ्नो मूल चरित्रतर्फ फर्कनु पर्छ।

विचारप्रतिको निष्ठा , सरलता, स्वच्छता, जनताप्रति उत्तरदायित्व, संस्कार र उच्च नैतिकतामा आधारित राजनीतिक व्यवहार नै एमालेको पहिचान रहँदै आएको थियो । पछिल्लो समय यही चरित्र कमजोर हुँदै गएको अनुभूति कार्यकर्ता र समर्थकमाझ व्यापक छ । त्यसैले वामपन्थी चरित्रलाई कमजोर पार्ने प्रवृत्ति त्याग्दै असली एमालेको मूल्य र संस्कार बोकेका व्यक्तिहरूलाई कम्तीमा संक्रमणकालीन नेतृत्वको जिम्मेवारी दिनु अहिलेको आवश्यकता हो।

संक्रमणकालीन नेतृत्वमार्फत पार्टीलाई पुनर्गठनको दिशामा अगाडि बढाउने सहमति निर्माण गर्नु आजको अर्को आवश्यकता हो । आशा छ वर्तमान पार्टी नेतृत्वले परिस्थितलाई बुझेर आफै अग्रसर भएर यो काम सम्पन्न गराउनुपर्छ।

**आत्माआलोचन सहित संक्रमणकालिन नेतृत्व**

एमाले पंक्तिले नेतृत्वसँग सार्थक र खुला संवाद अघि बढाउनु आवश्यक छ । कार्यकर्ताको मेहनत र जनसमर्थनबाट निर्माण भएको पार्टी आफ्नै कमजोरीका कारण रक्षात्मक अवस्थामा पुगेको यथार्थलाई स्वीकार्दै त्याग आत्माआलोचन सहित अभिभावकत्वको भावना देखाउन नेतृत्व तयार हुनुपर्छ । पार्टी प्रति विश्वास र जनताको विश्वास पुन प्राप्त गर्न संक्रमणकालीन नेतृत्वको निर्माण गरी पार्टीलाई पुनर्गठनको दिशामा अगाडि बढाउने सहमति निर्माण गर्नु आजको आवश्यकता हो।

**विशेष अधिवेशन**

विगतका कमीकमजोरी र विश्लेषण र गल्तीहरूप्रति खुला छलफल र आत्मालोचित हुँदै जनतासमक्ष माफी माग्ने साहसले मात्र पार्टीको विश्वास पुनःस्थापित गर्न सक्छ । त्यससँगै पार्टीलाई नयाँ जीवन दिन संक्रमणकालीन नेतृत्वले निश्चित समय सीमाभित्र पार्टीको विधान बमोजिम एक वर्षभित्र विशेष महाधिवेशन आयोजना गर्ने तयारी गर्नु उपयुक्त देखिन्छ । यस्तो महाधिवेशनले नेतृत्वको पुनसंरचना मात्र होइन, विचार, संगठन र कार्यशैलीको पनि पुनः समीक्षा गरी नेकपा एमालेलाई जनता, कार्यकर्ता, समर्थक र शुभेच्छुकहरुको भरोसायोग्य विश्वासिलो पार्टी बनाउन सकिन्छ।

वर्तमान नेतृत्वको भूमिका

एमाले पंक्तिले नेतृत्वको त्याग बलिदानको उच्च मुल्याकन गर्दै सार्थक र खुला संवाद अघि बढाउनु आवश्यक छ । कार्यकर्ताको मेहनत र जनसमर्थनबाट निर्माण भएको पार्टी आफ्नै कमजोरीका कारण रक्षात्मक अवस्थामा पुगेको यथार्थलाई स्विकार्दै त्याग र अभिभावकत्वको भावना देखाउन नेतृत्व तयार हुनुपर्छ।

संक्रमणकालीन नेतृत्वमार्फत पार्टीलाई पुनर्गठनको दिशामा अगाडि बढाउने सहमति निर्माण गर्नु आजको अर्को आवश्यकता हो । आशा छ वर्तमान पार्टी नेतृत्वले परिस्थितलाई बुझेर आफै अग्रसर भएर यो काम सम्पन्न गराउनुपर्छ।

पार्टीमा नयाँ ऊर्जा र सन्तुलन ल्याउने उद्देश्यले केही विशिष्ट व्यवस्थाहरू पनि विचारणीय हुन सक्छन्। सर्वस्वीकार्य तथा विवादरहित व्यक्तिलाई नेतृत्व प्रदान गर्दै संक्रमणकालीन संरचना निर्माण गर्ने विकल्पमाथि छलफल हुन सक्छ।

त्यसपछि धर्म, संस्कृति, भूगोल र लैङ्गिक सन्तुलनलाई ध्यानमा राख्दै असली एमालेको मूल्य र संस्कार बोकेका व्यक्तिहरूको नेतृत्व टोली तयार गरी विशेष महाधिवेशनतर्फ अघि बढ्ने बाटो बनाउन सकिन्छ।

**भावी दिनमा कम्युनिष्ट एकता**

सच्चा माक्र्सवादी र देशभक्त कम्युनिष्टहरुले बुझ्नुपर्छ, यो परिस्थितिको सिर्जना एमालेविरुद्ध मात्र होइन सिंगो कम्युनिष्ट आन्दोलनको विरुद्ध हो । विगतको एकता र विभाजनको डरलाग्दो नतिजा त भोगेकै छौँ।

यतिखेर सधैँ आन्दोलनप्रति निष्ठावान रहेका, जनताको सेवा बाहेक अन्य कुनै स्वार्थ नराखी राजनीतिमा सक्रिय वामपन्थी शक्तिहरूलाई पुनः गोलबन्द गर्नु आवश्यक छ । संगठनको विस्तार मात्र होइन, विचार र चरित्रको पुनस्थापनाले नै पार्टीलाई दीर्घकालीन रूपमा बलियो बनाउनेछ।यसको लागि एमालेले नेतृत्व गर्नु पर्छ । अनि मात्र आउँदो चुनौतिको सामना गर्न सकिन्छ।

सारतः, यदि एमाले साँच्चिकै सच्चिन, सुध्रिन र फेरि मजबुत भएर उभिन चाहन्छ भने बाटो यही हो—आत्मालोचना, पुनर्गठन र नयाँ सुरुवात । अन्यथा परिवर्तनको इच्छाशक्ति नै छैन भने परिस्थितिले आफ्नै निष्कर्ष निकाल्नेछ। हामी समाप्त हुनेछौँ।

# नयाँ शैक्षिकसत्र वैशाख २ गतेदेखि पाठ्यपुस्तक विद्यालयमा पुर्‍याइँदै



**खोटाङ ।**
भौतिक पूर्वाधार विकास कार्यालयले सम्झौता गरेको दुई महिना बितिसक्दा पनि निर्माणको काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ । कार्यालयसँग २६ योजनामा ठेक्का सम्झौता गर्ने १९ निर्माण कम्पनीले तोकिएको समयमा निर्माणको काम सुरु नगरेपछि सातभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिइएको हो ।

पूर्वाधार विकास कार्यालयले युनानान निर्माण सेवा उदयपुर, विश्वशिखर निर्माण सेवा उदयपुर, अर्जुन पइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँ, राइट ब्रोदर आरटिडी जेभी, इमो बुइल्डर्स प्राइभेट लिमिटेड, शिलान्यास इन्जिनियरिङ कन्सल्टिङ प्रा लि धादिङ, शान्तिभूमि कन्स्ट्रक्सन प्रालि खोटाङ, अन्सुबी–नेपाल–फूलबारी–पिङ्गला जेभी, एसआर कन्स्ट्रक्सन खोटाङ, निर्मा मन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि खोटाङ, रानासाम्पाङ कन्स्ट्रक्सन प्रा लि खोटाङ, भीषणहाङ कन्स्ट्रक्सन प्रा लि भोजपुर, बराहपोखरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि काठमाडौँ, पाथीभरा निर्माण सेवा उदयपुर, धनसुना कन्स्ट्रक्सन, बी एन्ड बी निर्माण सेवा उदयपुर, खोक्चीलिपा–साल्मे आरटिडी जेभी, डिबी कन्स्ट्रक्सन उदयपुर र डिजी निर्माण सेवा खोटाङलाई स्पष्टीकरण सोधेको छ ।

शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङले तीन तथा विश्वशिखर निर्माण सेवा उदयपुर, पाथीभरा निर्माण सेवा उदयपुर, बी एन्ड बी निर्माण सेवा उदयपुर, डिबी कन्स्ट्रक्सन उदयपुर र अर्जुन पोइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँले दुई÷दुईवटा योजनाको ठेक्का सम्झौता गरेको छ । योजनाको सम्झौता गरेर काम सुरु नगर्नुको कारणसहित सात दिनभित्र स्पष्ट विवरण पेस गर्न पत्रमार्फत लिखित स्पष्टीकरण सोधिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विनम दाहालले जानकारी दिए । 'समयमै काम सुरु नभएमा वर्षा सुरु हुन्छ । आर्थिक वर्षको अन्त्यतिर गरिएका निर्माणको काम गुणस्तरीय हुँदैन', उनले भने, 'समयमा काम सुरु नगर्दा योजना अधुरै रहन्छ । योजनाका लागि विनियोजित बजेटसमेत 'फ्रिज' हुने जोखिम भएकाले सात दिनभित्र लिखित जवाफ दिन निर्माण कम्पनीहरुसँग माग गरिएको हो ।'

योजना सम्पन्न नहुँदा स्थानीय उपभोक्ता तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था आउने भन्दै कार्यालयले निर्माण कम्पनीहरूलाई तत्काल काम सुरु गर्न पत्रमार्फत चेतावनीसमेत दिएको छ । कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न निर्माण कम्पनीहरुलाई निर्देशन दिएको हो ।

निर्धारित समयभित्र निर्माण कार्य सुरु नगरेमा अनावश्यक म्याद थप नगर्ने र कानुनबमोजिम बैङ्क जमानत जफत गरिने कार्यालयका लेखा अधिकृत सीताराम राउतले बताएका छन् । 'पहिलो चरणमा लिखित माग गर्छौं । चित्त बुझ्दो जवाफ अपनाएको खण्डमा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइनेछ', उनले भने, 'धेरै निर्माण कम्पनीहरुले अनावश्यक म्याद थप गराउने गर्छन् । काम नगर्ने निर्माण कम्पनीको सिधै बैङ्क जमानत जफत गरिनेछ ।'

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालयअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत जिल्लामा यो वर्ष १२३ योजनामा ठेक्का सम्झौता भएको छ । ठेक्का सम्झौता भएका २६ वटाबाहेक अन्य योजनाहरु तीव्रगतिमा निर्माण भइरहेको कार्यालय प्रमुख दाहालले जानकारी दिएका छन् ।

एकवर्षे र बहुवर्षे योजनाका लागि यस आर्थिक वर्षमा रु एक अर्ब ९४ लाख ७५ हजार बजेट उपलब्ध भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठवटा योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालय प्रमुख दाहालले जानकारी दिए । यस्तै, १७ योजनाका लागि कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारमा सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत रु दुई करोड लागतमा ६० घर निर्माण भइरहेको जनाइएको छ । रासस

# निर्वाचनमा खटिने प्रतिनिधिहरूलाई अभिमुखीकरण



**ललितपुर ।**
नेपाली कांग्रेसले पार्टीको १५औँ महाधिवेशनका लागि निर्वाचन क्षेत्रमा खटिने केन्द्रीय प्रतिनिधिहरूलाई अभिमुखीकरण गरी महाधिवेशनको औपचारिक तयारीको सुरुआत गरेको छ । कांग्रेसले ७७ वटै जिल्लामा सदस्यता अभियान र साङ्गठनिक सुदृढीकरणका लागि खटिएर जाने प्रतिनिधिहरूलाई अभिमुखीकरण गर्दै शनिबार देखि महाधिवेशनको प्रक्रिया अगाडि बढाएको हो ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित अभिमुखीकरण पछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै महामन्त्री प्रदीप पौडेलले जिल्लामा खटिएका प्रतिनिधिहरूले वैशाख महिनाभर कार्यक्षेत्रमा खटेर सदस्यता वितरण, अद्यावधिक र साङ्गठनिक अवस्थाको प्रतिवेदन तयार पार्ने बताएको हो । कांग्रेसको सङ्गठन सुदृढीकरण र सामाजिक अभियानमा जोडिनका लागि 'जरा अभियान' सञ्चालन गरिँदै छ । पुराना क्रियाशील सदस्यहरूले वैशाख महिनाभित्र वडावडामा गएर अनिवार्य रूपमा सदस्यता अद्यावधिक गर्नुपर्नेछ । पार्टीले यसपटक सबै सदस्यलाई कांग्रेस 'आइडी' प्रदान गर्नेछ र यो परिचयपत्र नभएका व्यक्तिहरूले १५औँ महाधिवेशनमा भाग लिन पाउने छैनन्, उनले भने ।

महामन्त्री पौडेलका अनुसार पार्टीको केन्द्रीय सभापतिको नेतृत्वमा राष्ट्रियस्तरमा बुद्धिजीवी र पेसाकर्मीहरूसँग संवाद हुनेछ भने जिल्ला तहमा स्थानीय समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ । उनले भने, नयाँ सदस्यका लागि डिजिटल माध्यमबाट सदस्यता दिने व्यवस्था मिलाइएको छ । जरा अभियानअन्तर्गत महाधिवेशनको तयारी, साङ्गठनिक सुदृढीकरण, गएको चुनावको समीक्षा र पार्टीलाई सामाजिक गतिविधिमा जोड्ने गरी चार मुख्य विषय समेटिएका छन् । प्रतिनिधिहरूलाई आवश्यक निर्देशिका, कार्यविधि र फारामसहित जिल्ला पठाइसकिएको छ, वैशाखभर सदस्यता अद्यावधिकको काम अगाडि बढ्ने छ । महामन्त्री पौडेलले पार्टीले तय गरेको पूर्वनिर्धारित कार्यतालिका अनुसार अभिमुखीकरण सम्पन्न भएको जानकारी दिएका छन् । रासस

# सन्तुलित परराष्ट्र सम्बन्ध विस्तारमा मन्त्री खनालको जोड



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले असंलग्नता, सार्वभौमिकता, भौगोलिक अखण्डता र पारस्परिक सम्मानमा आधारित मुलुकको अन्तरराष्ट्रिय सम्बन्धलाई सुदृढ बनाउन सरकार क्रियाशील रहेको बताएका छन् ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रले संयुक्त रूपमा आज यहाँ आयोजना गरेको एक कार्यक्रममा उहाँले सबै राष्ट्रसँग मैत्रीपूर्ण, सन्तुलित र शान्तिपूर्ण सम्बन्ध कायम गर्ने वर्तमान सरकारको नीति सुनाए ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख ईश्वर कार्कीले अपराधमुक्त समाज निर्माणका लागिसमुदायसँग मिलेर प्रहरीले काम गरिरहेको बताए । टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाको खानेपानी समस्या समाधानका निम्ति नगरपालिकाले सरकारबाट सहयोग चाहेको बताए । नेपाली कम्युनिस्ट पार्टीकी नेत्री कल्पना शर्माले जनताको इच्छा पूरा गर्न सरकार लाग्नुपर्ने सुझाउ दिए । रासस

# स्वास्थ्य मन्त्रालयको निर्देशन: स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक भत्ता उपलब्ध गराउनु




**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका सरकारी, निजी अस्पताल तथा मेडिकल कलेजहरूलाई चिकित्सक, नर्सिङ र अन्य स्वास्थ्यकर्मीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा पाँच बुँदे निर्देशन दिएको छ । मन्त्रालयले परिपत्रमार्फत यसअघि २०८१ मङ्सिर २७ गते भएको निर्णय कार्यान्वयन नभएको भन्दै तत्काल लागू गर्न र त्यसको प्रतिवेदन बुझाउन निर्देशन दिएको छ ।

गुणस्तर मापन तथा नियमन महाशाखाले जारी गरेको पत्रमा सम्पूर्ण प्रतिष्ठान, सरकारी अस्पताल, मेडिकल कलेज, सामुदायिक र निजी अस्पतालहरूलाई सम्बोधन गरिएको छ । निर्णय कार्यान्वयन नभएको भए तुरुन्त कार्यान्वयन गराउन र त्यसको प्रगति विवरण मन्त्रालयमा पेस गर्न भनिएको छ ।

**न्यूनतम पारिश्रमिक र सेवा सुविधा**

स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीहरूका लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकारले तोकेभन्दा कम नहुने गरी लागू गर्न समेत निर्देशन दिइएको छ । यस्तै तोकिएको समयभन्दा बढी काम गर्ने स्वास्थ्यकर्मीहरूलाई अतिरिक्त भत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ ।

कार्य अवधि समाप्त भएपछि वा कर्मचारीले माग गरेमा अनुभवको पत्र प्रदान गर्न र स्वास्थ्य मन्त्रालयले नर्सिङ लगायत अन्य स्वास्थ्यकर्मीहरूको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउन निर्देशन दिएको छ । रासस

# काठमाडौंमा रातभर प्रहरीको 'अपरेशन सेफ्टी': गुण्डागर्दीमा संलग्न पाँच जना पक्राउ, विमानस्थलबाट १८ जना समातिए

**काठमाडौँ ।**
काठमाडौं प्रहरीले गए राति 'अपरेशन सेफ्टी' सञ्चालन गरी उपत्यकाका विभिन्न ठाउँमा गुण्डागर्दीमा संलग्न पाँच जनालाई पक्राउ गरेको छ भने विमानस्थलमा यात्रुलाई दुःख र हैरानी दिने १८ जनालाई पनि नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार प्रहरीले गए राति 'अपरेसन सेफ्टी काठमाडौं' चालाएर बौद्धमा श्याम लामा समूहमा रहेर गुण्डागर्दी गर्दै आएका 'डिम्पल' भनिने प्रवीण तामाङलाई पक्राउ गरेको हो ।

यस्तै काठमाडौंको कलङ्की–बाफल क्षेत्रमा गुण्डागर्दी गरेको आरोपमा बिर्जु महर्जन, कलङ्कीकै बस टिकट काउन्टर–पेट्रोलपम्प क्षेत्रमा गुण्डागर्दी गर्ने सुजन कार्की, स्युचाटार क्षेत्रमा गुण्डागर्दीमा संलग्न सरू हुमागाईंलाई र बौद्ध क्षेत्रमा लुटपाट तथा गुण्डागर्दीमा संलग्न बिकी लामालाई पक्राउ गरिएको भट्टराईले बताए ।

यसैबीच राति नै त्रिभुवन विमानस्थल क्षेत्रबाट यात्रुलाई दुःख हैरानी दिने, आफूले चिनेको होटलमा लैजाने र यात्रु र होटलबाट कमिसन खाने १८ जनालाई पनि पक्राउ गरिएको प्रवक्ता भट्टराईले बताए । ती १० जना यात्रुहरूसँग कमिसन लिने तथा यात्रुहरूलाई दुव्र्यवहारमा संलग्न रहेको पाइएको प्रवक्ता भट्टराईले बताए । रासस

# औषधिको 'प्रमोसन' गर्नेलाई वीर अस्पताल प्रवेशमा निषेध



**काठमाडौं ।**
वीर अस्पतालले चिकित्सकले बिरामीलाई औषधि सिफारिस गर्दा कुनै निश्चित कम्पनी वा 'ब्रान्ड' तोकी नलेख्न निर्देशन गरेको छ । अस्पतालका कार्यकारी निर्देशक प्रा.डा दिलीप शर्माले चिकित्सकले बिरामीलाई औषधि तथा सर्जिकल सामग्रीको सिफारिस गर्दा कुनै निश्चित कम्पनी ब्रान्ड तोकी नलेखी सबैले बुझ्ने गरी 'जेनेरिक' नाम ठूलो अक्षरमा लेख्न आग्रह गरेका हुन् ।

यसरी चिकित्सकले औषधिको सिफारिस गरेपछि चिकित्सकले आफ्नो लाइसेन्स नम्बर राखेर हस्ताक्षरसहित लेख्न आग्रह गरिएको छ । अस्पतालका निर्देशक प्रा.डा शर्माले औषधिको 'प्रमोसन' गर्ने व्यक्ति (एमआर) लाई कार्यालय समयभित्र प्रवेशमा निषेध गरिएको जानकारी दिए । औषधिको प्रमोसन गर्ने व्यक्ति (एमआर)लाई कार्यालय समयमा बहिरङ्ग सेवा, आकस्मिक कक्ष तथा शय्यामा प्रवेशमा निषेध गरिएको उनले बताए । यसैगरी, अस्पतालले अस्पताल हाताभन्दा बाहिरका औषधि पसलबाट औषधि किन्न बिरामीलाई अभिप्रेरित गर्ने र शय्यामा गएर औषधि पसलले 'भिजिटिङ कार्ड' बाँड्ने गरेकोसमेत पाइएकाले त्यस्तो कार्य नगर्न सबै कर्मचारीलाई अनुरोध गरेका छन् ।

यस्तो कार्य गरेको पाइएमा अस्पताल प्रशासनबाट नियमानुसारका कारबाही गर्नेसमेत अस्पतालका कार्यकारी निर्देशक प्रा डा शर्माले बताएका छन् । यसैगरी, अस्पताल प्रशासनले चिकित्सकले औषधि तथा सर्जिकल सामग्रीको कम्पनी वा ब्रान्ड नमिलेको भनी फिर्ता गरी बिरामीलाई अनावश्यक दुःख दिने कार्य नगर्नसमेत आग्रह गरेको उनले बताए । यदि त्यस्तो दुःख दिने कार्य गरेको पाइएमा संलग्न चिकित्सक, नर्सिङ तथा अन्य कर्मचारीलाई कारबाही गरिने समेतमा अस्पतालले उल्लेख गरेको छ ।

यसैबीच , स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थालाई 'फोकल पर्सन' तोकेर पठाउन निर्देशन जारी गरेको छ । मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले 'हेलो सरकार'बाट आएका गुनासोलाई सम्बोधन गर्नका लागि आफ्नो मातहतका ४६ स्वास्थ्य सङ्घसंस्थालाई जति सक्दो चाँडो 'फोकल पर्सन' तोकेर पठाउन निर्देशन दिएको जानकारी दिए ।

उनले सरकारले जारी गरेको शासकीय सुधारका कार्यक्रमको हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक 'प्लेटफर्म'का रुपमा विकास गर्नका लागि फोकल पर्सन तोकेर पठाउन मन्त्रालयमा मातहतका निकाय, अस्पताल र प्रतिष्ठानलाई निर्देशन दिएको बताए । उनले ति फोकल पर्सनले हेलो सरकारबाट प्राप्त भएका नागरिकका गुनासो सम्बोधनका गर्ने बताए । स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत ४६ वटा विभाग–अस्पताल–प्रतिष्ठान लाई पत्र पठाइएको सूचना अधिकारी डा. केसीले बताए । रासस

# कांग्रेसलाई एकढिक्का बनाउन अन्तिमसम्म प्रयास गर्छुः डा. कोइराला



**काठमाडौं ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कांग्रेसलाई एकढिक्का बनाउन अन्तिम समयसम्म पनि आफूले पहल गर्ने बताए ।

बिपी स्मृति सामुदायिक सहकारी अस्पतालको १८औँ वार्षिक साधारणसभाको शनिबार उद्घाटन गर्दै उनले कांग्रेसलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्तिका रूपमा स्थापित गराउने आफ्नो इच्छा रहेको बताए ।

डा कोइरालाले आफू पक्ष वा विपक्षभन्दा पनि कांग्रेसलाई एकढिक्का बनाउने पक्षमा रहेको जिकिर गरे । "मलाई सामाजिक सञ्जालमा यो वा त्यो पक्षको भनेर प्रचार गरेको सुनेको छु, तर म पार्टीको कुनै समूहमा छैन । मेरो लक्ष्य कांग्रेसलाई एकढिक्का बनाउने हो, त्यसका लागि म अन्तिमसम्म प्रयास गर्छु", उनले भने ।

नेता डा कोइरालाले गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदाताले पार्टी नछोडी मत मात्रै फेरेको भन्दै आगामी दिनमा त्यो भोटलाई 'सिफ्ट' हुन नदिने गरी क्रियाशील हुनुपर्नेमा जोड दिए । उनले संसदमा कांग्रेसको उपस्थिति कमजोर हुनुमा जनताको चाहना र नयाँ राजनीतिक 'हावाहुरी' लाई बुझ्न नसक्नु मुख्य कारण भएको उल्लेख गरे ।

बिपी स्मृति अस्पतालका संस्थापक अध्यक्षसमेत रहनुभएका डा कोइरालाले बिपी कोइरालाको नाममा खोलिएको यस अस्पताललाई प्रभावकारी रूपमा सञ्चालन गर्न त्यहाँबाट अवकाश पाएका चिकित्सकहरूले विशेष योगदान दिनसक्ने बताए । रासस

# मतदाता नामावली आज देखि सङ्कलन गरिँदै

**काठमाडौँ ।**
निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम आज आइतबारदेखि पुनः सञ्चालन गर्दैछ । आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुनः थाल्ने निर्णय गरेको हो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र नबनाएकाले आयोगको 'प्रि–इन्रोलमेन्ट' प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने छ । रासस

# विद्यार्थीलाई पढाइसँगै सीपमूलक तालिम

**म्याग्दी ।**
बेनी नगरपालिका–४ सिङ्गास्थित धौलागिरि माध्यमिक विद्यालयका विद्यार्थीलाई हातेट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन गरिएको छ । बेनी नगरपालिकाको 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रममार्फत धौलागिरि माविले विद्यार्थीलाई व्यावसायिक सीप सिकाउन खेतबारी खनजोतमा प्रयोग हुने हाते ट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन भएको हो ।



कक्षा ८, ९ र ११ का २० जना विद्यार्थीहरुका लागि १९ दिने हाते ट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष अणबहादुर खड्का (भगवान)ले जानकारी दिए ।

'खेतबारी खनजोतमा गोरुको विकल्पमा प्रयोग भइरहेको हाते ट्याक्टरमा समस्या आउँदा मर्मत गर्ने जनशक्ति गाउँघरमै तयार पार्न परीक्षापछिको फुर्सदको समयमा तालिम दिएका हौँ,' उनले भने, 'सीप सिकेपछि विद्यार्थीहरुलाई दैनिक जीवनका साथै पेसा, व्यवसाय गर्न प्रेरित गर्न सीपमूलक तालिम दिने गरेका छौँ ।'

यसअघि विद्यार्थीहरुलाई च्याउखेती, अतिथि सत्कार, रङरोगन र मुढा बुन्ने तालिम दिइएको थियो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न १६ वटा विद्यालयका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए ।

'हाउस वायरिङ', 'प्लम्बिङ,' कपाल काट्ने, अतिथि सत्कार, खाना पकाउने, प्रेसर कुकर बनाउनेलगायत सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १६ वटा विद्यालयलाई चालु आर्थिक वर्षमा रु एक लाखका दरले बजेट उपलब्ध गराएको छ ।रासस

# दशौँ भक्तपुर औद्योगिक महोत्सवको तयारी तीव्र

**काठमाडौँ ।**
नयाँ वर्ष २०८३ तथा विस्काः जात्राको अवसर पारेर आयोजना गरिएको 'दशौँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव'को तयारी तीव्र पारिएको छ ।

औद्योगिक शान्ति नेपाल र मध्यपुर ब्वाइज व्याण्डको आयोजनामा यही चैत २६ गतेदेखि आगामी वैशाख ६ गतेसम्म भक्तपुरस्थित सल्लाघारीमा महोत्सव हुँदैछ । भक्तपुरलाई उद्योग, संस्कृति र कृषि क्षेत्रको सङ्गमका रूपमा स्थापित गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको संयोजक दीपक थापाले जानकारी दिए । महोत्सवको तयारी तीव्र पारिएको उनको भनाइ छ ।

महोत्सवमार्फत उपभोक्तालाई एउटै स्थानमा दैनिक उपभोग्य वस्तुदेखि आवश्यक सामग्रीसम्म सहज रूपमा उपलब्ध गराउनुका साथै स्थानीय उत्पादन, उद्योग तथा व्यवसायको प्रवद्र्धन गरिने छ ।




महोत्सवमा १८० भन्दा बढी स्टल रहनेछन् ।

ती स्टलमा खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकला सामग्रीहरू बिक्री तथा प्रदर्शनीका लागि राखिनेछ । साथै औद्योगिक उत्पादन, सूचना प्रविधि, अटोमोबाइल, कृषि औजार, इलेक्ट्रोनिक्स तथा मोबाइल सामग्रीहरूको पनि प्रदर्शनी गरिनेछ ।

महोत्सवको विशेष आकर्षणका रूपमा 'लन्डन बिज' को प्रतिकृक्ति (स्ट्याचु) राखिनेछ ।

महोत्सवमा बालबालिकाका लागि रोटे पिङ, ड्रागन ट्रेन, नाउ लगायतका मनोरञ्जनात्मक खेल साधनहरू व्यवस्था गरिनेछ ।

त्यसैगरी विभिन्न परिकारसहितको खाना महोत्सव, फेसन शो, नृत्य तथा हास्यव्यङ्ग्य कार्यक्रम तथा राष्ट्रिय कलाकारको विशेष साङ्गीतिक प्रस्तुति (विशेष कन्सर्ट) दैनिक रूपमा आयोजना गरिनेछ ।

महोत्सवले उद्योग, व्यापार, पर्यटन तथा सांस्कृतिक क्षेत्रको प्रवद्र्धन गर्नका साथै स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने आयोजक संस्थाका अध्यक्ष सन्दिप महतले जानकारी दिए ।

महोत्सवअन्तर्गत आगामी वैशाख ५ र ६ गते ख्यातिप्राप्त कलाकार सहभागितामा सांस्कृतिक कार्यक्रम (कन्सर्ट) आयोजना हुनेछ । महोत्सवमा रु पाँच करोड बढीको आर्थिक कारोबार हुने र दुई लाख बढीले अवलोकन गर्ने आयोजकको अनुमान छ ।रासस

# इरान– इजरायल युद्ध चर्किँदै अमेरिका प्रभावित



**तेहरान ।**
अमेरिका र इजरायलले फेब्रुअरी २८ देखि इरानमाथि संयुक्त रूपमा ठूला सैन्य आक्रमण सुरु गरेपछि पश्चिम एसिया क्षेत्रमा युद्धको अवस्था झन् गम्भीर र जटिल बन्दै गएको छ । यस संघर्षका क्रममा निरन्तर हवाई आक्रमण, प्रतिआक्रमण र सैन्य गतिविधि बढ्दै गइरहेका छन्, जसले क्षेत्रीय सुरक्षा अवस्था कमजोर बनाएको छ ।

पेन्टागनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अप्रिल ३ सम्म आइपुग्दा कुल ३६५ अमेरिकी सैनिक घाइते भएका छन्, जसले युद्धको तीव्रता र यसको असर स्पष्ट रूपमा देखाउँछ । त्यसैगरी ६३ जना नौसेनाका, १९ जना समुद्री सुरक्षा बलका र ३६ जना वायुसेनाका सदस्य घाइते भएका छन्, जसले युद्ध विभिन्न सैन्य क्षेत्रमा फैलिएको देखाउँछ ।

यसैबीच, मृत्यु हुने अमेरिकी सैनिकको संख्या १३ पुगेको पुष्टि गरिएको छ । तीमध्ये ७ जना प्रत्यक्ष शत्रुतापूर्ण कारबाहीका क्रममा मारिएका हुन्, जुन युद्धको अग्रपंक्तिमा भएको भिडन्तको परिणाम मानिन्छ । साथै, इरानले कुवेतमा गरेको आक्रमणका कारण ६ जना सैनिकको ज्यान गएको छ, जसले युद्धको प्रभाव अन्य देशसम्म फैलिएको देखाउँछ ।

अर्को एक सैनिक साउदी अरेबियामा घाइते भएको र पछि मृत्यु भएको जानकारी दिइएको छ । यी घटनाहरूले युद्ध केवल एक देशभित्र सीमित नभई क्षेत्रीय स्तरमा फैलिँदै गएको संकेत गर्छन् ।

यद्यपि, शुक्रबार इरानी सेनाले गरेको आक्रमणमा केही अमेरिकी युद्धक विमानहरू खसालिएको वा क्षतिग्रस्त भएको भनिए पनि ती विमानमा रहेका चालक दलका सदस्यहरू यो घाइते वा मृतकको तथ्यांकमा समावेश छन् वा छैनन् भन्ने अझै स्पष्ट गरिएको छैन । यस कारण वास्तविक क्षति अझै पूर्ण रूपमा खुल्न बाँकी रहेको देखिन्छ । समग्रमा, यो युद्धले मानवीय, सैन्य र भूराजनीतिक रूपमा ठूलो प्रभाव पारिरहेको छ र आगामी दिनहरूमा यसको अवस्था अझै जटिल हुन सक्ने अनुमान गरिएको छ ।रासस

# इरानद्वारा अमेरिकी युद्धविराम प्रस्ताव अस्वीकार, आक्रमण जारी



**तेहरान ।**
इरानले अमेरिकाको प्रस्तावित ४८ घण्टे युद्धविराम अस्वीकार गरेको सरकारी समाचार एजेन्सी फर्सले जनाएको छ । फर्सका अनुसार, अमेरिकाको यो प्रस्ताव इरानलाई बिहीबार एक 'मैत्रीपूर्ण' देश मार्फत पठाइएको थियो ।

स्रोतहरूले जनाए अनुसार, वाशिङटनले युद्धविराम सुनिश्चित गर्न कूटनीतिक प्रयास तीव्र बनाएको छ । यो कदम विशेष गरी कुवेतको बुबियान टापुमा इरानले लक्षित गरेको अमेरिकी सैन्य गोदाममा आक्रमण गरेको घटनापछि आएको हो । उक्त घटनाले अमेरिकाको सैन्य गतिविधिमा चुनौती सिर्जना गरेको थियो ।

फर्सले मूल्याङ्कन अनुसार, प्रस्ताव अमेरिकी–इजरायली आक्रमण र क्षेत्रीय संकटको तीव्रतासँग सम्बन्धित थियो । अमेरिकाले इरानको सैन्य क्षमताको गलत अनुमान गर्दा अमेरिकी सेनाका लागि गम्भीर समस्याहरू सिर्जना भएका थिए ।

इरानले यस प्रस्तावको लिखित जवाफ दिएको छैन । तर युद्धभूमिमा आक्रमण निरन्तर जारी राखेर आफ्नो अस्वीकृति स्पष्ट पारेको छ । यसले इरानको सशक्त र निर्णायक सैन्य प्रतिक्रिया देखाउँछ ।

पृष्ठभूमिः फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य प्रमुख इरानी शहरहरूमा आक्रमण गरेका थिए ।

यस आक्रमणमा तत्कालीन इरानी सर्वोच्च नेता अली खामेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र केही नागरिकको मृत्यु भएको थियो । त्यसपछि इरानले इजरायल र मध्यपूर्वमा अमेरिकी सम्पत्तिलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहर सुरु गरेको थियो ।

यो घटनाक्रमले इरान–अमेरिका–इजरायल बीचको द्वन्द्वलाई अझ गहिरो बनाएको छ र मध्यपूर्वमा तनाव निरन्तर बढिरहेको छ । युद्धविरामको अस्वीकृतिले आगामी दिनमा थप सैन्य र राजनीतिक चुनौतीहरूको संकेत गर्दछ ।रासस

# प्रधानमन्त्री कपः गण्डकी प्रदेश ३९ रनले विजयी

**वीरगंज ।**
प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गतको शनिबारको खेलमा गण्डकीले कोशी प्रदेशलाई ३९ रनले पराजित भएको छ ।

वीरगंजको नारायणी रङ्गशालामा भएको खेलमा सुरुआती 'ब्याटिङ' गरेको गण्डकी प्रदेशले निर्धारित ५० ओभरमा सात 'विकेट' गुमाउँदै २२७ रन जोडेको थियो ।

शनिबारको खेलमा गण्डकीका तर्फबाट अर्जुन कुमालले १०२ 'रन' जोडेका थिए भने विपिन खत्रीले ७६ रन जोडेका थिए । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले चार विकेट र सुजन थपलियाले एक विकेट लिए ।



जबाफी ब्याटिङमा उत्रिएको कोशी ५० ओभरमा नौ 'विकेट'को क्षतिमा १८८ रनमा सीमित रह्यो । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले ५२ रन र आशिष मगरले ३० रन जोडेका थिए ।

गण्डकी प्रदेशका सिप्रिन श्रेष्ठले तीन विकेट र अपराजित पौडेलले दुई विकेट लिएका थिए ।

आजको खेलमा गण्डकी प्रदेशका अर्जुन कुमाल 'म्यान अफ दी म्याच' घोषित भएका थिए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।रासस

# फोहरबाट मोहरः व्यासले कमायो १७ लाख

**तनहुँ ।**
व्यास नगरपालिकाले फोहर बिक्रीबाट आठ महिनाको अवधिमा १७ लाख १३ हजार आम्दानी गरेको छ । चालु आर्थिक वर्ष २०८३–८३ को साउनदेखि फागुनसम्मको अवधिमा उक्त आम्दानी भएको हो ।

नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तुको वर्गीकरण गरी गत वर्षदेखि बिक्री गरी आम्दानी गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए ।

उनले भने, 'संकलन गरी बिक्री गर्न थालेपछि फोहर नगरपालिकाको आम्दानीको स्रोत बनेको छ ।' व्यास




नगरपालिकाले दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर संकलन गर्दै आएको छ ।

कुहिने फोहरलाई व्यास–१० भतेरीस्थित गौः संरक्षण केन्द्रमा व्यवस्थापन गरिएको छ । पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने लक्ष्यका साथ बिक्री गर्न थालिएको प्रशासकीय अधिकृत लम्सालले बताए ।

नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालेको हो ।

प्रमुख प्रशासकीय अधिकृत लम्सालले भने, 'नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने फोहर भण्डारण गर्ने व्यवस्था मिलाएका छौँ ।' कार्यालयका अनुसार अल्मुनियम प्रतिकिलो ६०, फलाम रु ३५, टिन रु २५, बोतल २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कपी १६ तथा किताब प्रतिकिलो १४ का दरले बिक्री गरिँदै आएको छ । यसअघि उक्त फोहर व्यास–३ मादी नदी किनारमा व्यवस्थापन गरिँदैआएको थियो । उक्त सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको नगरपालिकाले जनाएको छ । नकुहिने फोहर दिगो व्यवस्थापन गर्न जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए ।रासस

# उद्योग वाणिज्य महासङ्घ लुम्बिनीको अध्यक्षमा श्रेष्ठ निर्वाचित




**रुपन्देही ।**
नेपाल उद्योग वाणिज्य महासङ्घ, लुम्बिनी प्रदेशको अध्यक्षमा भैरहवाका ठाकुरकुमार श्रेष्ठ विजयी भएका छन् । भैरहवामा शनिबार सम्पन्न महासङ्घको आठौँ प्रदेशसभा तथा अधिवेशनबाट श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन् । उनले अध्यक्ष पदमा जमसेर अलि मियाँलाई पराजित गरे ।

यस्तै जिल्ला नगर उपाध्यक्षमा दाङका टङ्कसिंह बुढाथोकी तथा एसोसिएट उपाध्यक्षमा पाल्पाका राजु महर्जन निर्विरोध निर्वाचित भए । यसैगरी कोषाध्यक्षमा नवलपरासीका लेखनाथ न्यौपाने तथा सदस्यमा बर्दियाका बद्रीनाथ बराल र प्युठानका माधवराज भण्डारी, एसोसिएट सदस्यमा रुपन्देहीका सौरभ अग्रवाल र दाङको लमहीका युवराज पोखरेल निर्विरोध निर्वाचित भएको सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिए ।रासस

# नेपालको अर्थतन्त्रमा उद्योग वाणिज्य क्षेत्रको ठूलो योगदान: मुख्यमन्त्री



**मकवानपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्योग वाणिज्य क्षेत्रको नेपालको अर्थतन्त्रमा ठूलो योगदान रहेको बताएका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघको ५९औँ वार्षिकसभाको अवसरमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकार संघीय सरकारसँग सहकार्य र समन्वय गरेर उद्योग व्यापार क्षेत्रको समग्र विकासमा मिलेर काम गर्न इच्छुक रहेको बताए ।

नयाँ सरकारसँग उद्योग वाणिज्य क्षेत्रले धेरै आशा भरोसा गरेको उल्लेख गर्दै बानियाँले यसका लागि प्रदेश सरकार संघीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पारे ।

कार्यक्रममा अन्य वक्ताले राज्यले उद्योग वाणिज्य क्षेत्रमा करको दर बढाउने, राजस्व मात्र बढी संकलन गर्ने तथा स्थानीय तहले करको दर मात्रै बढाउने गर्दा उद्योग व्यवसायी धरासायी हुने खतरा बढेको बताए । उद्योग वाणिज्यमैत्री नीति ल्याएर सो अनुरुप कानुन बनाउन सके समग्र अर्थतन्त्रको विकास हुनेतर्फ ध्यान दिन उनीहरुको आग्रह थियो ।रासस

# 'पिएसपिपी'बाट देशको आर्थिक उन्नयनमा योगदान हुन्छः ढकाल

**भैरहवा ।**
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन योजना (पिएसपिपी)को स्वागत गर्दै त्यसले देशको आर्थिक उन्नयनमा योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

नेपाल उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशको भैरहवामा भएको आठौँ सभामा उनले उक्त योजना निजी क्षेत्रको मनोबल उकास्ने लक्ष्यका साथ सरकारले प्रस्तुत गरेको बताउँदै त्यसलाई निजी क्षेत्रले सकारात्मक ठानेको उल्लेख गरे ।

हामीले वर्षौंदेखि निजी क्षेत्रको सुरक्षा र प्रवद्र्धनका लागि ठोस कार्ययोजनाको माग गर्दै आएका थियौँ, उनले भने, सरकारले हाम्रो प्रस्तावलाई स्वीकार गरेकामा हामी आभारी छौँ ।

शिक्षण संस्थालाई 'शान्ति क्षेत्र' घोषणा गरिए जस्तै निजी क्षेत्रलाई निर्वाध रुपमा काम गर्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा अध्यक्ष ढकालले जोड दिए ।

महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले निजी क्षेत्रका समस्या समाधानका लागि व्यवसायीहरुबीच कार्यगत एकता अपरिहार्य भएको बताए ।रासस

# ज्येष्ठ नागरिक र अपाङ्गता भएकालाई घरदैलोमै स्वास्थ्य सेवा



**टीकापुर ।**
कैलालीको टीकापुर नगरपालिकाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकलाई घरदैलोमै सेवा दिन सुरु गरेको छ । पालिकाले यही चैत महिनादेखि हरेक वडामा दुई÷दुई जना स्वास्थ्यकर्मी परिचालन गरेर समुदायमा रहेका ७० वर्षमाथिका ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएकाहरूको स्वास्थ्य परीक्षण घरमै गएर गर्न थालेको हो । सेवाअन्तर्गत स्वास्थ्यकर्मीले घरमै पुगेर स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार तथा परामर्श, आवश्यक औषधिहरू निःशुल्क वितरणजस्ता कार्य गर्न थालेका टीकापुर नगरपालिका जनस्वास्थ्य निरीक्षक केवलसिंह सार्कीले बताए । उनका अनुसार ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति घरदैलो स्वास्थ्य सेवा कार्यक्रमअन्तर्गत पालिकाका स्वास्थ्यकर्मीले हरेक महिना चार दिन समुदायमा घरघरमै सेवा दिने कार्यतालिका तयार गरिएको छ ।

घरमा पुगेर दीर्घ रोग, उच्च रक्तचाप तथा मधुमेहलगायतको जाँच तथा अनुगमन गर्न थालिएको छ, जनस्वास्थ्य निरीक्षक सार्कीले भने, पोषण सरसफाइ तथा जीवनशैलीसम्बन्धी परामर्शसमेत दिन थालिएको छ । घरमै सेवा पाएपछि ज्येष्ठ नागरिक र अपाङ्गता भएकाहरू खुसी भएका छन् । वडा नं २ विजयनगरका ज्येष्ठ नागरिक मासुलाल चौधरीले स्वास्थ्यकर्मी घरमै आएर सेवा दिँदा खुसी लागेको बताए । उच्च रक्तचापको समस्या भएको म अस्पताल नियमित औषधि लिन जान नसक्दा बीचमा औषधि छोडेको थिए, स्वास्थ्यकर्मी आएर घरमै उपलब्ध गराएपछि अब नियमित खान्छु, उनले भने, हामी शारीरिक रूपमा कमजोर, त्यसैमाथि दीर्घरोगले थलिएका छौँ ।

हामीलाई अस्पतालमा लाइनमा बस्नुपर्दा गाह्रो हुन्छ । घरमै सेवा पाउँदा सहज हुन्छ ।

अर्का ज्येष्ठ नागरिक पुनसराम चौधरी क्षयरोगका बिरामी हुनुहुन्छ । उनले नियमित क्षयरोगको औषधि खाइरहेको छ । घरमै गएर स्वास्थ्य परीक्षण गराएको र खानपान, रहनसहनबारे परामर्श सेवा पाएको पुनसरामले बताए । स्वास्थ्यकर्मी लक्ष्मी नारायण पोखे्रलले घरदैलोमै स्वास्थ्य सेवा दिँदा बिरामीको समय र खर्च बचत भएको, घरमै सेवा पाउँदा ज्येष्ठ नागरिक र अपांगता भएकाहरूले सुरक्षित र सम्मानित महसुस गरेको बताए । दीर्घरोगीलाई नियमित जाँच, औषधि र परामर्श चाहिन्छ, उनले भने, घरमै गएर सेवा दिँदा उनीहरूको स्याहारमा पारिवारिक सहयोग वृद्धि हुन्छ । हामीले सरसफाइ र हेरचाह गर्ने तरिकाबारे पनि परामर्श दिने गरेका छौँ ।” घरदैलो सेवालाई कार्यविधि बनाएर नियमित सञ्चालन गर्ने पालिकाको योजना रहेको छ । रासस

# पीडादेखि समाज परिवर्तनको अभियानसम्म ‘बिर्सिएका नानीहरू’



**हेटौँडा ।**
जन्मिँदा त कृष्णजस्तै सुन्दर बाबु भनेर सबैले काखमा बोके, माया गरे... तर आज ऊ नौ वर्ष पुग्दा कसैले उसको हालखबर सोध्दैनन् । स्वथ्य र राम्रो छोरा पायौँ नि भनेर बधाई दिने आफन्त र छिमेकीहरू आज उनको घर आउँदा छोराले ‘चकचक’ गरेको मात्र सम्झिन्छन्, तर उसलाई समाजको सदस्यका रूपमा स्वीकार गर्न तयार छैनन् । हेटौँडाका आरम्भ थपलियाको यो पीडा एउटा परिवारको मात्र कथा होइन, समाजले बिर्सिएका धेरै अटिजम भएका बालबालिकाको प्रतिनिधि कथा हो । आरम्भ जन्मिँदा परिवारमा खुसी छाएको थियो । पहिलो सन्तान, त्यसमा पनि स्वस्थ र सुन्दर देखिने बालक–सबैका आशा र सपना उसमै जोडिएका थिए । तर समयसँगै अवस्था बदलिँदै गयो । ऊ ठूलो हुँदै जाँदा व्यवहारमा फरकपन देखिन थाल्यो–बोलाउँदा नफर्किने, आफ्नै दुनियाँमा हराउने, अरूसँग घुलमिल नगर्ने । ‘कतै लैजाँदा चकचक गर्छ भनेर लैजानै छाडियो, अनि आफन्त पनि टाढा हुन थाले’, आरम्भकी आमा अस्मिता कालिका भन्छिन् ।

तीन दिदीहरूको सन्तान हुर्किएको देखिसकेकी अस्मितालाई बालकको विकासक्रमबारे सामान्य जानकारी थियो । त्यसैले आफ्नै सन्तानमा उमेरअनुसारको व्यवहार नदेखिँदा उनको मनले केही फरक महसुस गरिरहेको थियो । तर आत्माले त्यो सत्य स्वीकार्न मानेन । ‘कोही बच्चा ढिलो बोल्छन्’, भन्ने सोचले केही समय सान्त्वना दियो । तर जब १८ महिनासम्म पनि बच्चाले बोल्न सकेन, चाहेको कुरा व्यक्त गर्न सकेन र प्रतिक्रिया दिन गाह्रो भयो, त्यसपछि उनले चिकित्सकको सहयोग लिइन् । जाँचपछि आएको निष्कर्ष थियो, अटिजम । त्यो शब्दसँगै अस्मिताको संसार एकाएक भत्कियो ।

‘स्वीकार गर्न पाँच वर्ष लाग्यो’, उनी सम्झन्छन्, ‘पहिलो सन्तान, ठूला सपना... कसरी मान्ने ?’ विवाहपछि सुखी परिवारको सपना देखेकी उनका लागि छोरा जन्मिनु जीवनको सबैभन्दा ठूलो खुसी थियो । तर दुई वर्ष नबित्दै त्यो खुसी चिन्ता र अन्योलमा बदलियो । काठमाडौँका अस्पतालदेखि विभिन्न विशेषज्ञसम्म धाइन् ।

‘म स्वीकार गर्न तयार थिइनँ, त्यसैले धेरै अस्पताल धाएँ’, उनले भनिन् । तर जब सबै ठाउँबाट एउटै उत्तर आयो, उनी वास्तविकता स्वीकार्न बाध्य भइन् । त्यसपछि उनको जीवनको दिशा नै बदलियो । उनले अटिजमबारे गहिरो अध्ययन गर्न थालिन् । माइतमा तीन दिदीहरूको कान्छी बहिनी उनले दिदीहरूको छ जना सन्तान हुर्किएको देखिसकेकाले उमेरसँगै आउने परिवर्तनको बारेमा जानकार नै थिइन् । उनलाई आमाको नजरबाट यो स्वीकार्न भने असहज भएको थियो । उनको कठिन यात्रामा सबैभन्दा गाह्रो कुरा समाजसँग जुध्नु थियो ।

कोरोना महामारीको समयमा उनी हेटौँडा फर्किइन् । त्यही बेला उनले आफूजस्तै पीडामा रहेका अन्य दुई आमासँग भेट गरिन् । साझा पीडाले उनीहरूलाई जोड्यो । तीन जनाले आफ्नै घरको सानो कोठाबाट अटिजम भएका बालबालिकाका लागि कक्षा सुरु गरेको उनको भनाइ छ । सुरुमा स्रोतसाधन थिएन, तालिम सीमित थियो, तर मनमा दृढता थियो । त्यो सानो प्रयास आज ‘सेन्टर फर अटिजम मकवानपुर’ का रूपमा विकास भएको छ । यहाँ अहिले २४ जना बालबालिका नियमित रूपमा सिकिरहेका छन् । चार जना बालबालिका सुधार भएर सामान्य विद्यालयसम्म पुगिसकेका छन् ।

अस्मिताको सपना अब आफ्नै सन्तानमा सीमित छैन । ‘अटिजम रोग होइन, विशेष अवस्था हो । सही सहयोग पाए यी बच्चाहरूले पनि आफ्नो क्षमता देखाउन सक्छन्’, उनी भन्छिन् । उनले अहिले अटिजमसम्बन्धी थप अध्ययनसमेत गरिरहेकी छिन्, ताकि भविष्यमा अझ धेरै अभिभावकलाई सहयोग गर्न सकियोस् । यस्तै अनुभव हेटौँडाकी उमाकुमारी पौडेल र निस्ला श्रेष्ठको पनि छ । सुरुमा उनीहरूले पनि आफ्ना सन्तानको अवस्था स्वीकार गर्न सकेनन् । समाजको डर, जानकारीको अभाव र भविष्यको चिन्ताले उनीहरूलाई झन अन्योलमा पारेको थियो । तर तालिम र अध्ययनपछि उनीहरूले अटिजमलाई बुझ्न थाले ।

अटिजम भएका बालबालिकामा आँखा नजुधाउने, एक्लै बस्न मन पराउने, बोलेर अभिव्यक्त गर्न नसक्ने, अरूसँग घुलमिल हुन गाह्रो हुनेजस्ता लक्षण देखिन्छन् । उनीहरूलाई विशेष हेरचाह, स्पिच थेरापी, अकुपेसनल थेरापी, व्यवहारिक तालिम र निरन्तर मनोसामाजिक सहयोग आवश्यक पर्छ । चिकित्सकका अनुसार ‘जिन’ मा हुने परिवर्तन, स्नायु प्रणालीको विकासमा समस्या, गर्भावस्थामा हुने केही असर वा जन्मका बेला हुने जटिलताले अटिजम देखिन सक्छ ।

राष्ट्रिय जनगणना–२०७८ अनुसार नेपालमा चार हजार ८८६ जनामा अटिजम देखिएको छ । बागमती प्रदेशमा मात्र एक हजार २५३ जना छन् । पछिल्लो तथ्याङ्कअनुसार हरेक ३६ जना बच्चामध्ये एक जनामा अटिजम देखिन थालेको छ ।

तर तथ्याङ्कभन्दा ठूलो समस्या समाजको दृष्टिकोण हो । अटिजम भएका बालबालिका बाहिरबाट सामान्य देखिने भएकाले उनीहरूको पीडा देखिँदैन । फलतः उनीहरूलाई बेवास्ता गरिन्छ, परिवारलाई एक्लो बनाइन्छ । अस्मिता भनिछन्, ‘यदि समाजले स्वीकार गरिदियो भने हाम्रो आधा पीडा त्यतिकै कम हुन्छ ।’

आज आरम्भजस्ता धेरै बालबालिका समाजको भीडमै हराइरहेका छन् । न उनीहरूको आवाज सुनिन्छ, न उनीहरूको सपना देखिन्छ । तर ती बच्चाहरू पनि सपना बोकेका छन् । माया पाउने, बुझिने र स्वीकार गरिने ।

अटिजम भएका बालबालिका बिर्सिने होइनन्, बुझ्ने हुन् । उनीहरू फरक छन्, तर कमजोर होइनन् । यदि हामीले उनीहरूलाई स्वीकार गर्न सिक्यौँ भने आज बिर्सिएका ती बच्चाहरू भोलि समाजका उज्याला तारा बन्न सक्छन् । रासस

# आज देखि भूतपूर्व सैनिक सम्मेलन हुँदै



**काठमाडौँ ।**
नेपाली सेनाले करिब ९० हजार अवकाश प्राप्त सैनिकहरूबीच पुनर्मिलन गराउने हेतुले २०७० सालबाट भूतपूर्व सैनिक सम्मेलन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । ‘एक पटकको सिपाही, जीवन रहेसम्म सिपाही’ रहने हुँदा अवकाश प्राप्त सैनिकका आश्रित परिवारको शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्ने कार्य सैनिक कल्याणकारी कोषले गर्दै आइरहेको छ ।

हरेक प्रधान सेनापतिको कार्यकालमा एक पटक सञ्चालन गरिने भूतपूर्व सैनिक सम्मेलनलाई वैज्ञानिक र व्यवस्थित बनाउन तीन चरणमा विभाजन गरी प्रत्येक चरणमा योजनाबद्ध तरिकाबाट निश्चित प्रदेशहरूमा कार्यक्रम सञ्चालन गरी तीन वर्षमा समग्र देशभरी कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ । यस वर्ष सञ्चालन हुने भूपू सैनिक सम्मेलनको मूल भाव ‘भूतपूर्व सैनिक सम्मेलनको प्रण–पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन’ रहेको छ । सैनिक व्यक्तिहरूको अवकाशपछिको जीवनमा थप ऊर्जा प्रदान गर्ने, एकापसमा भेटघाट गरी आफ्ना सुख–दुःखका अनुभवहरू साट्ने, बहालवाला सैनिक र अवकाश प्राप्त सैनिकहरूबीच सामीप्यको भावना जागृत गराउने, नेपाली सेनाद्वारा सञ्चालित विविध कल्याणकारी कार्यहरूको जानकारी गराई अझै समयानुकूल सुधारको लागि थप राय सुझावहरू सङ्कलन गरी प्रभावकारी बनाउने उद्देश्यले भूपू सैनिक सम्मेलन आयोजना हुँदै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बनाए । भूपू सैनिक सम्मेलन समग्र राष्ट्र तथा नेपाली सेनाका लागि पूर्वसैनिकले सेवारत रहँदा पु¥याएको सेवा र समर्पणको यथोचित सम्मान पनि हो ।

भूपू सैनिक सम्मेलनले समाजमा छरिएर रहेका भूपू सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिहरूबीच पुनर्मिलन गरी आपसी भाइचाराको विकास गर्दै अपनत्वको भावना कायम गर्नुका साथै भूपू सैनिक तथा एकल महिलाहरू र आश्रित परिवारहरूको आर्थिक, सामाजिक एवम् भौतिक जीवनस्तरमा सुधारका लागि महत्त्वपूर्ण पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, स्वरोजगार, पुनःरोजगार तथा आवासजस्ता कल्याणकारी आवश्यकताहरूको सम्बोधन गर्दै आइरहेको छ ।

यस किसिमका सम्मेलनमार्फत सेनाप्रति समर्पित भूपू सैनिक तथा एकल महिलाहरूको सञ्जाल निर्माण तथा सोको परिचालन गरी नियमित सेना र भूपू सेनाबीच आपसी हितका लागि सहकार्यको वातावरण सृजना गर्नुका साथै भूपू सैनिक व्यक्तिहरू र प्रधान सेनापतिबीच प्रत्यक्ष अन्तक्रिया तथा छलफल गर्न कोसेढुङ्गा सावित भएको छ ।

यस वर्ष योजना गरिएको भूपू सैनिक सम्मेलनमा लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, मधेस प्रदेश र बागमती प्रदेशका ३३ हजार जनाको उपस्थिति रहने अनुमानसहित चैत महिनाको तेस्रो र चौथो तथा वैशाख महिनाको पहिलो हप्ता गरी चार चरणमा भूपू सञ्चालन गर्न लागिएको छ । यसवर्ष मध्यपश्चिम पृतनाअन्तर्गत रूपन्देही, दाङ, प्युठान, रोल्पा, पूर्वरुकुम, पश्चिम रुकुम, सल्यान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, नवलपरासी पश्चिम, नवलपरासी पूर्व तथा पश्चिम पृतनाअन्तर्गत कास्की, म्याग्दी, मुस्ताङ, मनाङ, पर्वत, बाग्लुङ, स्याङ्जा, गोरखा, लमजुङ, तनहुँ र मध्यपूर्वी पृतना अन्तरगत सिन्धुली, रामेछाप, दोलखा, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी गरी कूल ३४ जिल्लामा यही चैत २२ देखि आगामी वैशाख ४ गतेसम्म आयोजना हुनेछ ।

अवकाश प्राप्त सैनिक एवं पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिलाई लक्षित गरी सञ्चालन हुँदै आएको भूपू सैनिक सम्मेलनले विशिष्ट महत्व बोकेको छ । यस किसिमका सम्मेलनले हिताधिकारीको आत्मीयता, भरोसा एवं विश्वास बढ्दै गएको महसुस गरिएको छ भने सम्पूर्ण हिताधिकारीहरूको प्रतिष्ठा र आत्मसम्मानमा समेत वृद्धि भएको पाइन्छ । स्थान विशेषमा रहेका हिताधिकारीहरूको चाहना, आवश्यकता, राय सुझाव र गुनासाहरू नेतृत्व तहबाट स्थान विशेषमै गएर बुझी उनीहरूको समस्या समाधान गराउनेतर्फ ठोस निर्णय लिनसमेत यस प्रकारका कार्यक्रम फलदायी हुनुका साथै कल्याणकारी सेवा सुविधालाई अझै परिमार्जित र परिस्कृत गर्दै लैजान मद्दत पुग्ने विश्वास लिइएको छ । रासस

# महिला चेम्बरद्वारा अग्रणी महिला सम्मानित

**काठमाडौँ ।**
राजनीति, न्याय, शिक्षा, समाजसेवा, कला, प्रशासन, पर्यटन, खेलकूद लगायतका क्षेत्रमा अतुलनीय योगदान पु¥याएवापत अग्रज महिलाहरूलाई विशेष सम्मान अर्पण गरिइएको छ ।

नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीका अवसरमा नेपाल महिला चेम्बरद्वारा आयोजित विशेष कार्यक्रममा प्रथम राष्ट्रपति रामवरण यादव, नेपाल महिला चेम्बरका अध्यक्ष उर्मिला श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष राजेशकाजी श्रेष्ठ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले संयुक्त रुपमा विभिन्न क्षेत्रहरूमा ऐतिहासिक योगदान पुर्याएका महिलाहरूलाई विशेष सम्मान गरेका हुन् ।

आयोजक सस्थाद्वारा जारी विज्ञप्तिका अनुसार यसरी सम्मानितहुनेहरूमा प्रथम महिला सभामुख ओनसरी घर्ती मगर, प्रथम महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, स्काउटिङ रामवदन जोशी, लैंगिक अधिकार विज्ञ चाँदनी जोशी, प्रथम महिला इञ्जिनियर शान्ति मल्ल, शिक्षाविद् अगाथा थापा, तत्कालीन प्रवेशिका परीक्षामा ‘बोर्ड’ प्रथम लुना भट्ट, प्रथम महिला ‘कमर्शियल पाइलट’ रक्षा राणा, उद्यमी श्यामबदन श्रेष्ठ, पद्मासना शाक्य, शान्ति चड्ढा र पर्यटन व्यवसायी श्रृजना राणा छन् । यसैगरी लायन्स क्लव र रोटरी क्षेत्रमा मिलन थापा र जया राज्यलक्ष्मी शाह, पूर्व मुख्यसचिव लिलादेवी गड्तौला, अर्थशास्त्री डा पुष्पा श्रेष्ठ, कला तथा मनोरञ्जनतर्फ उर्मिला उपाध्याय गर्ग, अभिनेत्री भुवन चन्द, पूर्व प्रशासक उषा नेपाल, प्रहरी अधिकृत बिमला थापा शर्मा, पूर्व सचिव बिन्द्रा हाडा, उद्यमी भवानी राणा, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिना, रानु देवी अधिकारी, सानुनानी कंसाकारलाई सम्मान समर्पण गरिएको थियो ।

सोही अवसरमा रत्नेश्वरी श्रेष्ठ, ओलम्पियन संगिना वैद्य, दृष्टिविहीन शिक्षिका सीता ज्ञवाली, चेपाङ समुदायकी मनजू प्रजा, सामाजिक अभियन्ता अञ्जली देवी मास्के, प्रथम मिस नेपाल रुबी राणा शाह, चालक मच्छरीदेवी चित्रकार, टेम्पो चालक लक्ष्मी शर्मा, कलाकार स्नेहा श्रेष्ठ (इम्याजिन), बडिबिल्डर निर्मला महर्जन, कलाकार मनीषा कोइराला, पौराणिक व्यक्तित्व सीता (जानकी) र वैदिक दार्शनिक गर्गीलाई पनि विशेष रूपमा उक्त सम्मान समर्पण गरिएको थियो ।

कार्यक्रममा प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी एवं प्रथम महिला प्रधानमन्त्री एवं प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीको अतुलनीय योगदानको स्मरण सहित सम्मान अर्पण गरिएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै प्रथम महिला शासक नायब राजेन्द्र लक्ष्मी शाह, कान्तिराज्य लक्ष्मी देवी, योगमाया न्यौपाने, साहित्यकार बिष्णुकुमारी बाईवा ‘पारिजात’, राजीतिज्ञ शैलजा आचार्य,साधना प्रधान अधिकारी,सहाना प्रधान, मिडियाकर्मी कृष्णा ताम्राकार, गायिका सनुमाया गुरुङ, अधिवक्ता सुशीला सिंह, राजनीतिज्ञ इन्दिरा श्रेष्ठ, समाजसेवी अमृता कठायत,राजनीतिज्ञ द्वारिकादेवी ठकुरानी, चन्द्रकला किरण महत, लोकसेवा आयोग सदस्य उमा पाण्डे, राजदूत बिन्देश्वरी शाह, संसद उपाध्यक्ष कमल राणा, शिक्षाविद् अंगुरबाबा जोशी र पर्यटन उद्यमी अम्बिका श्रेष्ठ, शिक्षाविद् चन्द्रकान्ता देवी मल्ल, सगरमाथा आरोही पासाङ ल्हामु शेर्पा, व्यावसायिक प्रशिक्षक सुनिता मलेकु, सेयर बजारकी सुचित्रा खनाल, चालक रामदेवी श्रेष्ठको योगदानको स्मरण गर्दै मरणोपरान्त सम्मान समर्पण गरिएको थियो । स्वर्गीय व्यक्तित्वहरूका परिवारजन मार्फत सम्मान अर्पण गरिएको विज्ञप्तिमा जनाइएको छ ।

**महिला चेम्बरकी अध्यक्ष श्रेष्ठ सम्मानित**
सोही अवसरमा नेपाल महिला चेम्बर सम्बद्ध रही हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट सांसद बन्न सफल हुनु हुने लीमा अधिकारी, बसुमाया तामाङ, नीतिमा कार्की भण्डारी र इन्दिरा राना मगरलाई पनि सम्मान गरिएको थियो । साथै कार्यक्रममा नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठलाई समेत सम्मान गरिएको थियो ।

सो अवसरमा प्रथम राष्ट्रपति यादवले विभिन्न क्षेत्रका अग्रणी तथा पथप्रदर्शक महिलाहरुलाई सम्मान गर्न पाउँदा आफूलाई गौरव अनुभूति भएको बताए । उनले भने, आज सम्मानित व्यक्तित्वहरुबाट सिंगो समाज र नयाँ पुस्तालाई हौसला प्रदान हुँदै आएको छ । रासस



# मधेश प्रदेशमा हरियाली क्षेत्र बढाउन आग्रह



**महेन्द्रनगर।**
मधेश प्रदेशका सभामुख रामअशिष यादवले मधेश प्रदेशमा तीन दशमलव ७० प्रतिशत मात्र हरियाली रहेकाप्रति दुःख व्यक्त गरेका छन्।

शनिबार प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिको बैठकमा उनले देशभर करिब ४५ प्रतिशत हरियाली क्षेत्र रहे पनि देशको ठूलो जनसंख्या रहेको मधेशमा न्यून हरियाली क्षेत्र हुनु चिन्ताको विषय भएको बताए।

सभामुख यादवले यस्तो अवस्थाले वातावरणीय सन्तुलनमा गम्भीर असर पर्ने भन्दै यसतर्फ गम्भीर भएर काम गर्न सम्बद्ध मन्त्रालय र सरोकार भएकाहरूलाई आग्रह गरे। उनले वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलसँग विगतका कार्यहरूको समीक्षा गर्दै मन्त्रालयबाट भइरहेका गतिविधिबारे जानकारी गराउन निर्देशन दिए।

'चुरे क्षेत्रमा बढ्दो वन विनाश र अतिक्रमणका कारण थप वातावरणीय सङ्कट आउने अवस्था छ।

त्यसबाहेक क्षेत्रमा पनि हरियाली क्षेत्र बढाउन सकिएको छैन। यसमा अतिक्रमण नियन्त्रण तथा संरक्षणका लागि मन्त्रालयले हालसम्म के कस्ता कदम चालेको छ प्रष्ट पार्दै आगामी दिनका लागि प्रभावकारी कार्यक्रम ल्याउनुस्,' सभामुख यादवले भने, 'यसमा सिङ्गो प्रदेश सरकार, सरोकार भएका निकायलगायत सबैले गम्भीर भएर सहयोग गरौँ। अन्यथा हामीले चाँडै वातावरणीय असन्तुलनको मार खेप्नुपर्ने अवस्था आउँछ।'

समितिका सभापति शारदा दास पहाडीले मधेश प्रदेशमा हरियाली विस्तार कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै वन संरक्षण तथा चुरे क्षेत्रको दिगो व्यवस्थापनका लागि समन्वयात्मक र दीर्घकालीन योजना आवश्यक रहेको धारणा व्यक्त गरिन्। उनले सबै तहका सरकार र सरोकार भएका निकायबीच सहकार्य बढाएर मात्रै वातावरणीय चुनौती सामना गर्न सकिने बताइन्।

मन्त्रालयका सचिव पौडेलले समितिका जिज्ञासा र चासोका विषयमा आवश्यक जानकारी दिँदै वन संरक्षण, हरियाली विस्तार तथा अतिक्रमण नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताए। उनले आगामी दिनमा थप प्रभावकारी रणनीति अपनाएर वातावरण संरक्षणमा लाग्नुपर्ने र त्यसमा मन्त्रालय प्रतिबद्ध रहेको बताए।

बैठकमा सदस्य समितिका चन्दन सिंह, नागेन्द्र साहलगायतले आ–आफ्नो धारणा राखेका थिए।

सीमावर्ती क्षेत्रमा सरसफाइसहित वृक्षरोपण

नेपाल–भारत सीमावर्ती क्षेत्र जटहीस्थित प्रवेशद्वारमा सरसफाइसहित वृक्षरोपण कार्यक्रम गरिएको छ। त्यस अवसरमा सभामुख यादवले सीमावर्ती क्षेत्रको सौन्दर्यीकरण, सरसफाइ र हरियाली प्रवद्र्धनमार्फत सकारात्मक सन्देश प्रवाह गर्न लाग्नुपर्ने बताए। कार्यक्रममा मधेश प्रदेश, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरे, डिभिजन वन कार्यालयका प्रमुख विनोदकुमार सिंह, संरक्षणकर्मी सुरेशकुमार शर्मालगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो।

# 'मेरो कित्ता' सेवा सुरुः घरमै बसेर नक्सा निकाल्न सकिने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा जिल्लामा जग्गासम्बन्धी सेवा प्रवाहलाई सहज र डिजिटल बनाउने उद्देश्यले 'मेरो कित्ता' प्रणाली लागू गरिएको छ। यससँगै अब सेवाग्राहीले नापी कार्यालय पुग्नुपर्ने झन्झट बिना आफ्नै घरबाट जग्गाको नक्सा प्राप्त गर्न सक्ने भएका छन्। नापी कार्यालय धनुषामा अनलाइन प्रणाली कार्यान्वयन भएपछि नक्सा प्रिन्ट, फिल्डबुक तथा प्लट रजिस्टरसम्बन्धी सेवाहरू डिजिटल माध्यमबाट उपलब्ध हुन थालेका छन्। यो प्रणाली नापी विभागले देशभर विस्तार गर्ने योजनाअनुसार लागू गरिएको हो। सेवाग्राहीले अब आवश्यक कागजात र विवरणहरू अनलाइनमार्फत बुझाएर सेवा लिन सक्नेछन्, जसले समय र खर्च दुबै बचत गर्ने अपेक्षा गरिएको छ।

सेवा लिनका लागि नागरिकता, लालपुर्जा, कित्ता नम्बर, वडा नम्बर र नक्सा नम्बर जस्ता विवरण अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। आवेदन दर्ता गर्दा मोबाइल नम्बरमार्फत ओटीपी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ।

निवेदन पेश भएपछि सम्बन्धित कार्यालयले विवरण जाँच गर्नेछ र तिर्नुपर्ने राजश्वबारे एसएमएसमार्फत जानकारी दिइनेछ। सेवाग्राहीले उक्त रकम अनलाइन वा बैंकमार्फत भुक्तानी गर्न सक्नेछन्।

भुक्तानी पुष्टि भएपछि डिजिटल नक्सा (पीडीएफ) उपलब्ध हुनेछ, जुन ओटीपी प्रयोग गरी डाउनलोड गर्न सकिन्छ। तर, उक्त लिंक ७ दिनसम्म मात्र मान्य रहने व्यवस्था गरिएको छ।

सरकारले जग्गा प्रशासनलाई प्रविधिमैत्री बनाउने लक्ष्यअनुसार सुरु गरिएको यो प्रणालीले सेवा प्रवाहलाई थप प्रभावकारी र पारदर्शी बनाउने विश्वास गरिएको छ।

# युएईमा घाइते सात नेपाली खतरामुक्त, छ जना 'डिस्चार्ज'

**काठमाडौँ।**
पश्चिम एसियाको द्वन्द्वका क्रममा संयुक्त अरब इमिरेट्स (युएई)मा आक्रमणमा परी घाइते भएका सबै नेपाली नागरिक सबै खतरामुक्त रहेका छन्। आक्रमणमा परेर सात जना नेपाली घाइते भएका जनाइएको छ। घाइते नेपाली नागरिक सबै खतरामुक्त रहेका त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ।

राजदूतावासका अधिकारीले गम्भीर घाइतेसहित सातै जनासँग टेलिफोन सम्पर्क गरेको र उनीहरूले खतरामुक्त रहेको जानकारी गराएको परराष्ट्र मन्त्रालयले जनाएको छ। घाइतेमध्येका चारजनालाई दूतावासका अधिकारीहरूले शनिबार नै भेट गरी उनीहरूको अवस्थाका बारेमा बुझेको र आवश्यक सहयोगका लागि समन्वय गर्ने उल्लेख गरेका थिए। बाँकी तीन जनासँग पनि छिट्टै भेट गरी आवश्यक जानकारी लिइने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए।

प्रवक्ता क्षेत्रीका अनुसार छ जना सामान्य उपचारपछि हाल अस्पतालबाट फर्किसक्नुभएको र गम्भीर चोट लागेको भनिएका थप एकजना नेपालीको पनि हाल उपचार जारी रहेको तथा उन पनि खतरामुक्त रहेका छन्। आफू छिट्टै अस्पतालबाट 'डिस्चार्ज' हुने उनले टेलिफोनमा बताएका छन्। जानकारी प्राप्त हुनासाथ आवश्यक समन्वयका लागि मन्त्रालयबाट दूतावासलाई निर्देशन दिइएको थियो। युएईका सम्बन्धित निकायहरूबाट समयमै उनीहरूलाई उचित उपचारको प्रबन्ध गरिएको थियो। राजदूतावासले उनहरूलाई आवश्यक पर्ने कुनै पनि प्रकारको सहयोगका लागि प्रतिबद्ध र तयार रहेको जनाएको छ।

# व्यवसायी अग्रवाल पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले व्यवसायी शंकर अग्रवाललाई पक्राउ गरेको छ। गृहमन्त्री सुधन गुरुङको सचिवालयले व्यवसायी अग्रवाल पक्राउ परेको पुष्टि गरेको छ।

बिहीबार मात्रै व्यवसायी दीपक भट्टलाई पनि ब्यूरोले पक्राउ गरेको थियो। अग्रवाल र भट्ट व्यावसायिक साझेदार भएको बताइको छ। सम्पत्ति शुद्धिकरणको मुद्दामा भट्ट पक्राउ परे लगत्तै शंकर समूहका प्रमुख रहेका अग्रवाललाई नियन्त्रणमा लिइएको गृह मन्त्री गुरुङको सचिवालयले उल्लेख गरेको हो।

यस्तै, हालसम्म विभिन्न १० जनालाई पक्राउ गरिएको गृहमन्त्री गुरुङले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्।

# 'साइबर बुलिङ'मा रौतहटबाट युवा पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
केन्द्रीय साइबर ब्यूरोले सामाजिक सञ्जालमार्फत गरिएको साइबर बुलिङ प्रकरणमा रौतहटबाट एक जनालाई पक्राउ गरेको छ। प्रहरी स्रोतका अनुसार रौतहटको गुजरा क्षेत्रबाट अभिषेक चौधरीलाई शनिबार बिहान नियन्त्रणमा लिइएको हो।

पक्राउ परेका चौधरीलाई थप अनुसन्धानका लागि काठमाडौंस्थित ब्यूरो कार्यालयमा ल्याउने तयारी गरिएको छ।


यो प्रकरण अमिशा पराजुलीले दिएको उजुरीसँग सम्बन्धित रहेको जनाइएको छ।

पराजुलीले सार्वजनिक रूपमा आफ्नो अभिव्यक्ति दिएपछि सामाजिक सञ्जालमा लक्षित गरी साइबर बुलिङ गरिएको भन्दै प्रमाणसहित साइबर ब्यूरोमा उजुरी दर्ता गराएकी थिइन्।

प्रहरीका अनुसार घटनाबारे विस्तृत अनुसन्धान भइरहेको छ। आवश्यक प्रमाण संकलन गरी प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने जनाइएको छ।

यसैबीच, घटनासँग सम्बन्धित गतिविधिपछि सामाजिक सञ्जालमा विभिन्न प्रतिक्रिया देखिएका छन् भने विषयमा सुरक्षा निकायले निगरानी बढाएको जनाएको छ।

# राप्रपा सांसद शाहीले भेटे रास्वपा सभापति लामिछाने



**मधेशदृष्टि**
**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीबीच भेटवार्ता भएको छ।

लामिछाने निवास पुगेर शाहीले शनिबार भेट गरेका हुन्।

उनीहरूबीचमा प्रतिनिधि सभाको उपसभामुखबारे छलफल जनाइएको छ।

राप्रपाकी सांसद खुस्बु वलीलाई उपसभामुख बन्ने चर्चा छ। त्यसो त कांग्रेस, नेकपा र श्रम संस्कृति पार्टीले पनि दाबी गरिरहेको छ।

लामिछानेसँग भेट भएको फोटो फेसबुकमा राख्दै एकजुट भएर देश बनाउने महाअभियानमा अघि बढिरहेको बताएका छन्।

उनले भनेका छन्, 'विगतका दुःखहरूले हामीलाई कमजोर होइन, दृढ बनाएको छ। त्यसैले आज हामी एकजुट भएर देश बनाउने महाअभियानमा अघि बढिरहेका छौँ।'

# सम्झौता गरेर काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई स्पष्टीकरण

**खोटाङ।**
भौतिक पूर्वाधार विकास कार्यालयले सम्झौता गरेको दुई महिना बितिसक्दा पनि निर्माणको काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ। कार्यालयसँग २६ योजनामा ठेक्का सम्झौता गर्ने १९ निर्माण कम्पनीले तोकिएको समयमा निर्माणको काम सुरु नगरेपछि सातभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिइएको हो।

पूर्वाधार विकास कार्यालयले युनानान निर्माण सेवा उदयपुर, विश्वशिखर निर्माण सेवा उदयपुर, अर्जुन पइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँ, राइट ब्रोदर आरटिडी जेभी, इमो बुइल्डर्स प्राइभेट लिमिटेड, शिलान्यास इन्जिनियरिङ कन्सल्टिङ प्रा लि धादिङ, शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङ,
अन्सुबी–नेपाल–फूलबारी–पिङ्गला जेभी, एसआर कन्स्ट्रक्सन खोटाङ, निर्मा मन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि खोटाङ, रानासाम्पाङ कन्स्ट्रक्सन प्रा लि खोटाङ, भीषणहाङ कन्स्ट्रक्सन प्रा लि भोजपुर, बराहपोखरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि काठमाडौँ, पाथीभरा निर्माण सेवा उदयपुर, धनसुना कन्स्ट्रक्सन, बी एन्ड बी निर्माण सेवा उदयपुर, खोक्चिलिपा–साल्मे आरटिडी जेभी, डिबी कन्स्ट्रक्सन उदयपुर र डिजी निर्माण सेवा खोटाङलाई स्पष्टीकरण सोधेको छ।

शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङले तीन तथा विश्वशिखर निर्माण सेवा उदयपुर, पाथीभरा निर्माण सेवा उदयपुर, बी एन्ड बी निर्माण सेवा उदयपुर, डिबी कन्स्ट्रक्सन उदयपुर र अर्जुन पोइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँले दुई–दुईवटा योजनाको ठेक्का सम्झौता गरेको छ।

योजनाको सम्झौता गरेर काम सुरु नगर्नुको कारणसहित सात दिनभित्र स्पष्ट विवरण पेस गर्न पत्रमार्फत लिखित स्पष्टीकरण सोधिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विनम दाहालले जानकारी दिएका छन्। 'समयमै काम सुरु नभएमा वर्षा सुरु हुन्छ। आर्थिक वर्षको अन्त्यतिर गरिएका निर्माणको काम गुणस्तरीय हुँदैन,' उनले भने, 'समयमा काम सुरु नगर्दा योजना अधुरै रहन्छ। योजनाका लागि विनियोजित बजेटसमेत 'फ्रिज' हुने जोखिम भएकाले सात दिनभित्र लिखित जवाफ दिन निर्माण कम्पनीहरुसँग माग गरिएको हो।'

योजना सम्पन्न नहुँदा स्थानीय उपभोक्ता तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था आउने भन्दै कार्यालयले निर्माण कम्पनीहरूलाई तत्काल काम सुरु गर्न पत्रमार्फत चेतावनीसमेत दिएको छ। कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न निर्माण कम्पनीहरुलाई निर्देशन दिएको हो।

निर्धारित समयभित्र निर्माण कार्य सुरु नगरेमा अनावश्यक म्याद थप नगर्ने र कानुनबमोजिम बैङ्क जमानत जफत गरिने कार्यालयका लेखा अधिकृत सीताराम राउतले बताए। 'पहिलो चरणमा लिखित माग गर्छौं। चित्त बुझ्दो जवाफ अपनाएको खण्डमा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइनेछ,' उनले भने, 'धेरै निर्माण कम्पनीहरुले अनावश्यक म्याद थप गराउने गर्छन्। काम नगर्ने निर्माण कम्पनीको सिधै बैङ्क जमानत जफत गरिनेछ।'

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालयअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत जिल्लामा यो वर्ष १२३ योजनामा ठेक्का सम्झौता भएको छ। ठेक्का सम्झौता भएका २६ वटाबाहेक अन्य योजनाहरु तीव्रगतिमा निर्माण भइरहेको कार्यालय प्रमुख दाहालले जानकारी दिए।

एकवर्षे र बहुवर्षे योजनाका लागि यस आर्थिक वर्षमा एक अर्ब ९४ लाख ७५ हजार रुपैयाँ बजेट उपलब्ध भएको कार्यालयले जनाएको छ। प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठवटा योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालय प्रमुख दाहालले जानकारी दिए।

यस्तै, १७ योजनाका लागि कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारमा सिफारिस गरिएको कार्यालयले जनाएको छ। गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत दुई करोड रुपैयाँ लागतमा ६० घर निर्माण भइरहेको जनाइएको छ। रासस

# जिप दुर्घटना हुँदा दुईको मृत्यु, १२ घाइते

**लमजुङ।**
शनिबार साँझ यहाँ जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्।

बेँसीसहरदेखि मर्स्याङ्दी गाउँपालिका–७ उस्ता जाँदै गरेको ग१ज ६४७० नम्बरको बोलेरो जिप दुर्घटना हुँदा त्यसमा सवार मर्स्याङ्दी गाउँपालिका–७ उस्ताका ४० वर्षीय गङ्गामाया भन्ने त्रिवेणी गुरुङ र ३५ वर्षीय पुष्पा घलेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक दिपेन्द्रकुमार बस्नेतले जानकारी दिए।

उनका अनुसार बेँसीसहर उस्ता सडकको भित्री सडकदेखि ५०–६० मिटर तल खसेर दुर्घटना भएको थियो। चालकसहित १४ जना घाइते भएकामा उपचारका लागि प्रदेश अस्पताल बेँसीसहरमा लगेपछि दुई जनालाई चिकित्सकले मृत घोषणा गरेका थिए।

दुर्घटनामा सोही स्थानका जिप चालक २९ वर्षीय करण अधिकारी, ३१ वर्षीय प्रकाश गुरुङ, ३३ वर्षीय रिता गुरुङ, ४० वर्षीय विमलादेवी घले, ६२ वर्षीय सन्तबहादुर घर्ती, ३१ वर्षीय प्रकाश गुरुङ, ७ वर्षीय सफल गुरुङ, ११ वर्षीय रितेश गुरुङ, १० वर्षीय प्रिन्सिका गुरुङ, ३८ वर्षीय सोमलाल तामाङ, १२ वर्षीय बिवान घले र ४८ वर्षीय रुन्द्रमान घले घाइते भएका छन्।

घाइतेमध्ये सात वर्षीय सफल गुरुङ र रिता गुरुङलाई थप उपचारका लागि चितवन मेडिकल कलेज लगिएको प्रहरीले जनाएको छ। अन्य १० जनाको प्रदेश अस्पताल बेँसीसहरमा उपचार भइरहेको छ।

# यौनजन्य दुर्व्यवहार गर्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको दुर्गारोडमा ११ वर्षीया बालिकामाथि यौनजन्य दुर्व्यावहारको अभियोगमा वीरगंजबाट एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

वीरगंज–८ दुर्गा रोडमा किराना तथा मासु पसल सञ्चालन गर्दै आएका ५० वर्षीय इस्माइल मियालाई प्रहरीले पक्राउ गरेको हो।

पीडित बालिकाका परिवारका अनुसार बालिका पसलको पुरानो बाँकी रकम तिर्न गएको बेला मियाले अनैतिक कार्यको प्रयास गरेका थिए। घटनापछि आक्रोशित आफन्त र स्थानीय बासिन्दा पसल पुग्दा मिया पसल बन्द गरी फरार भइसकेका थिए।

पीडित परिवारले वडा प्रहरी कार्यालय विर्तामा लिखित निवेदन दिएलगत्तै मियालाई छपकैयाबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। पक्राउ परेका मियामाथि जबरजस्ती करणी उद्योग वा यौनजन्य दुर्व्यवहारको मुद्दा अन्तर्गत अनुसन्धान भइरहेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन